का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ पुस २०८०,
आइतबार
24 December 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ३१९ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# नेतृत्वमाथि निन्दनीय दुर्व्यवहार

**विभिन्न समयमा शीर्ष नेताहरुमाथि दुर्व्यवहार हुने गरेको देखिन्छ। यो निन्दनीय छ। लोकतन्त्रमा आफ्ना कुरा राख्न पाइन्छ, तर अर्को व्यक्तिमाथि आक्रमण गर्ने जस्तो कार्य दण्डनीय हो।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ पुस ।

शनिबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेमाथि मकैको खोया प्रहार भएको छ। कास्कीको पोखरास्थित अमरसिंह चोकमा आयोजित सभामा सम्बोधन गर्ने क्रममा लामिछानेमाथि एक युवाले खोया प्रहार गरेका हुन्।

सभापति लामिछानेले आफूमाथि खोया प्रहार भएको सोही मञ्चमै स्वीकार गरेका छन्। उक्त खोयालाई सजाएर राख्ने भनी उनले घोषणा नै गरेका छन। कार्यक्रमपछि सामाजिक सञ्जाल फेसबुकमार्फत समेत उनले आफूमाथि खोया प्रहार भएको बताएका छन्। 'मलाई खोया प्रहार गर्ने मानिस प्रहरीको नियन्त्रणमा पुगेपछि न कुनै मिडियाले उसलाई भेटेको छ, न कुनै पत्रकारले भेटेको छ' सभापति लामिछानेले लेखेका छन्। आफूले नै कास्की प्रहरीका प्रमुख एस पी मोहन थापासँग कुराकानी गरेको र कसैसँग कुराकानी नभएको जानकारी प्राप्त भएको भनी उनले थापासँगको टेलिफोन कुराकानीको भिडियो सार्वजनिक गरेका छन्।

लामिछानेलाई खोया प्रहार गर्नेलाई वडा प्रहरी कार्यालय रामबजारको प्रहरी टोलीले पक्राउ गरेको छ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीमाथि हातपातको प्रयास भएको केही दिनपछि रवि लामिछानेमाथि मकैको खोया प्रहार भएको हो। उक्त भिडियो भाइरल बनेको थियो। अध्यक्ष ओलीलाई आक्रमण प्रयास गर्ने धनकुटा महालक्ष्मी नगरपालिका वडा नम्बर ५ का महेश राई प्रहरीको हिरासतमा छन्। उनलाई अभद्र व्यवहारमा पटक-पटक म्याद थप गरी अनुसन्धान प्रहरीले गरिरहेको छ।

धनकुटा प्रहरीका अनुसार सुरुको ७ दिनको म्याद गुज्रिएपछि गत बिहीबार पुनः म्याद थप गरिएको हो। स्वागत गर्ने लाइनमा पुगेर महेशले अध्यक्ष ओलीको टाउकोमा मुड्की हान्ने प्रयास गरेको भिडियोमा देखिन्छ।

मुलुकको नेतृत्व गरिसकेका नेताहरुमाथि यस्तो दुर्व्यवहारका प्रयास विगतमा पनि भएका छन्। कतिपय गम्भीर आक्रमणका घटना पनि छन्। गत भदौको तेस्रो साता कांग्रेस सहमहामन्त्री महेन्द्र यादवमाथि भृकुटीमण्डपमै खुकुरी प्रहार नै गरिएको थियो।

२०५१ सालमा हालका राष्ट्रपति रामचन्द्र पौडेलमाथि संसदमै जुत्ता प्रहार भएको थियो। तत्कालीन एमाले सांसद गोल्छे सार्कीले पौडेलमाथि जुत्ता प्रहार गरेका थिए। सार्की त्यो बेला राष्ट्रियसभा सदस्य थिए।

२०६९ मंसिर मा तत्कालीन माओवादी कार्यकर्ता पदम कुँवरले हालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डमाथि सार्वजनिक कार्यक्रममा आक्रमण प्रयास गरेका थिए।

२०७६ फागुन १८ गते प्रचण्डमाथि नै जुत्ता प्रहार भएको >>> पृष्ठ २ मा

प्लाष्टिकको प्रयोग नगरौं,
वातावरण स्वस्थ राखौं

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन ।
- यसले जमिन तथा जल प्रदुषण गर्दछ।
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ ।
- प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ ।
- खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ ।

त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## छुट्टाछुट्टै सवारी दुर्घटना
# ९ जनाको मृत्यु

**शिव बिक/मध्यान्ह**
काठमाडौं, ७ पुस ।

काठमाडौंको गोकर्णेश्वर नगरपालिका १ सुन्दरीजलस्थित बसपार्कमा बा २ ख २२८४ नम्बरको बसको ठक्करबाट एक जनाको मृत्यु भएको छ। पैदलयात्री मकवानपुर भिमफेदी गाउँपालिका ६ घर भई हाल काठमाडौं सुन्दरीजल बस्ने २५ वर्षीय सरोज बिकको शनिबार मृत्यु भएको प्रहरीले जनाएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनलाई उपचारका लागि नेपाल मेडिकल कलेज अत्तरखेलमा लगिएको थियो, उपचारकै क्रममा मृत्यु भएको हो। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। यो सँगै देशका बिभिन्न क्षेत्रमा भएको छुट्टाछुट्टै सवारी दुर्घटनामा परी मृत्यु हुनेको संख्या ९ पुगेको छ। नेपाल प्रहरीका अनुसार कैयौं घाइते छन्।

**नेपाल प्रहरीका अनुसार देशका विभिन्न क्षेत्रमा भएको छुट्टाछुट्टै सवारी दुर्घटनामा ९ जनाको मृत्यु भएको हो। अधिकांश दुर्घटना एउटा सवारीले अर्को सवारीलाई ठक्कर दिएका कारणले भएको छ।**

चितवनको कालिका नगरपालिका १ लङकालाईनमा भरतपुरबाट खालेसिमलतर्फ जाँदै गरेको बा. ११ च ८७८९ नम्बरको कार अनियन्त्रित भई दुर्घटना हुँदा चालक २७ वर्षीय विष्णु क्षेत्रीको मृत्यु भएको छ।

कालिका नगरपालिका १ का क्षेत्री दुर्घटनामा गम्भीर घाइते भएका थिए। उनको नयाँ मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो।

चितवनमै भएको अर्को सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ।

चितवन, भरतपुर महानगरपालिक ५ बिकास चोकमा ना ६ ख ७९५४ नम्बरको ट्रकको ठक्करबाट साइकलयात्री सोही महानगरपालिका ५ बिकास चोक बस्ने २३ वर्षीया अमृता मिश्रको शनिबार मृत्यु भएको हो। ठक्करबाट गम्भीर घाइते भएकी उनको नयाँ मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो। ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

महोत्तरीमा पनि सवाी दुर्घटना भएको छ। बलवा नगरपालिका ११ रातो खोल पुलमा प्रदेश २/०२/००४ प ३५४४ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार बलवा नगरपालिका ११ रौजा बस्ने १८ वर्षीय तमन्ना कवारीको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो।

सर्लाही र बारामा पनि सवारी दुर्घटना भएको छ। सर्लाहीको ईश्वरपुर नगरपालिका १२ बाँके जंगलस्थित सडकमा हाल नम्बर नखुलेको सवार साधनको ठक्करबाट हाल नाम, थर, वतन नखुलेका अन्दाजी ६० वर्षीय पुरूषको >>> पृष्ठ २ मा

# संघीयता कार्यान्वयनमा 'अति' विलम्ब

संघीयताका लागि लडेका प्रधानमन्त्री प्रचण्डले तेस्रो पटक सरकारको नेतृत्व गरेको एक वर्ष हुँदा समेत निजामती विधेयक, शिक्षा विधेयक, प्रहरी समायोजन जस्ता विषयमा ठोस प्रगति हुन सकेको छैन । यसकारण सरकार सत्ता गठबन्धनभित्रैबाट समेत आलोचित हुन पुगेको अवस्था छ ।



"प्रदेशहरूले झण्डा पायो, डण्डा पाएन भन्ने कुरा आयो। अब हामी डण्डा नपाउने परिस्थिति अन्त्य गर्दैछौं। छिट्टै अन्त्य गर्दैछौं।"

**धनराज गुरुङ**, कानून, न्याय तथा संसदीय मामिलामन्त्री



"प्रधानमन्त्रीजीलाई कांग्रेसको महामन्त्रीको हैसियतले भन्छु - कांग्रेसको महासमितिको बैठक हुँदै गर्दा प्रदेशलाई अधिकारसम्पन्न बनाउने गरी कानून आएन भने महासमिति बैठकबाट निर्णय गरेर हामी खुद सिंहदरबार घेर्नका लागि प्रदेशका साथीहरुसँगै उपस्थित हुनेछौं।"

**विश्वप्रकाश शर्मा**, महामन्त्री, नेपाली कांग्रेस

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ७ पुस ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका अनुसार २२ भदौमा मनाइने निजामती सेवा दिवसको दिन विधेयक संसदमा पेश गर्ने निर्णय भएको थियो। सोही दिन निजामती सेवा दिवशको मूल समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले कर्मचारीलाई विधेयक संसद जाने तय भएको भन्दै बधाइ दिएका थिए।

तर, अझै निजामती सेवा विधेयक संसदमा पुगेको छैन। नेताहरुका अनुसार उक्त विधेयक प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा अड्किएको छ। मन्त्रिपरिषदले स्वीकृत गरेको विधेयक फेरि मन्त्रिपरिषदमै फर्किए अड्किएको हो।

नेताहरुका अनुसार १२ भदौ २०८० मा संसदमा विधेयक पठाउने निर्णय भएको थियो, तर कर्मचारीहरुका स्वार्थमा केही विषय फेरबदल गरिएको भन्दै मन्त्रिपरिषदबाट स्वीकृत गराएर मात्रै विधेयक संसदमा पठाउन भनिएको थियो। दोस्रो पटक पठाउने निर्णय भएर पनि संसदमा पुग्न सकेको छैन।

दुई वटा विवादले विधेयक संसदमा पठाउन नसकिएको अधिकारीहरु बताउँछन्। प्रदेश सचिव खटाउने अधिकार संघीय सरकारमा राख्ने कि प्रदेशलाई दिने भन्नेमा संसदमा रहेका दलहरुबीच एकमत छैन। यसमा कर्मचारी तहमा पनि समान बुझाइ छैन। विधेयकमा अतिरिक्त सचिवको व्यवस्था राख्ने कि नराख्ने भन्ने विषयमा पनि उपसचिव र सहसचिवस्तरका कर्मचारीबीच विवाद छ। सरकारले स्थानीय तहका कर्मचारीसँग २७ असोजमा गरेको समहतिअनुसार केही विषयहरु विधेयकमा >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# श्रम सहचारी कि म्यानपावरका मार्केटिङ म्यानेजर ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ पुस

मुलुक र वैदेशिक रोजगारमा रहेका श्रमिकको हितमा केन्द्रित हुने जिम्मेवारी लिएर विभिन्न श्रम गन्तव्यमा गएका श्रम सहचारी र काउन्सिलर श्रम अनुचित चलखेलमा लागेको गुनासो बढेको छ। अन्य मुलुकमा खटिएका श्रम सहचारी र काउन्सिलर श्रमका बारेमा छिटफुट गुनासो आएपनि कतार, कुवेत तथा साउदी अरेबियामा खटिएका काउन्सिलर श्रम र श्रम सहचारीले वैदेशिक रोजगारका लागि नेपालका म्यानपावर कम्पनीले ल्याउने मागपत्र प्रमाणीकरणमा कुनै खास म्यानपावर कम्पनीको अनुचित प्रभावमा परेर चलखेल र ढिलासुस्ती गर्ने र अनावश्यक हैरानी दिनेसम्मको व्यवहार देखाउने गरेको गुनासो छ।

उनीहरुले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नियुक्ति दिएको नेपाल सरकारको श्रम सहचारी कि म्यानपावरको मार्केटिङ डाइरेक्टर ? भनेर प्रश्न गर्नुपर्ने अवस्था समेत उत्पन्न भएको टिप्पणी आएका छन्। समस्यामा परेका कामदारहरुले ल्याएका समस्या समाधानका लागि प्रभावकारी भूमिका खेल्ने, स्थानीय कानूनले व्यवस्था गरेअनुसारको हक अधिकारको संरक्षण भए नभएको हेर्ने, समस्यामा परेका कामदारको उद्धार तथा रोजगारदाता र कामदारबीच भएको विवाद समाधानका लागि काउन्सिलर र श्रम सहचारीहरुको महत्वपूर्ण भूमिका हुने वैदेशिक रोजगार ऐनमै व्यवस्था छ।

तर कतिपय काउन्सिलर श्रम र श्रम सहचारीले आफ्नो जिम्मेवारी र उत्तरदायित्व के हो भन्ने विषयभन्दा पनि खास म्यानपावर कम्पनीको पक्षबाट प्रभावित भएर विभिन्न बहानाबाजी गरी डिमाण्डमा चलखेल गरी डिमाण्ड प्रमाणीकरणमा प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा अप्ठ्यारो परिस्थिति सिर्जना गरेर व्यक्तिगत आर्थिक लाभ खोज्ने गरेको गुनासो छ।

उनीहरुले रोजगारदाता कम्पनीबाट म्यानपावर कम्पनीले ल्याएको डिमाण्ड प्रमाणीकरण गर्दा मनखुसी कोटा तोक्ने, डिमाण्डको कोटा कटौती गर्ने गर्दा नेपाली कामदारका लागि आएको डिमाण्ड गुम्ने अवस्था बन्न थालेको कतिपय म्यानपावर व्यवसायीहरुको आरोप छ।

श्रम सहचारीहरुले चलेखलको आधारमा मात्रै डिमाण्ड प्रमाणीकरण गरेको भन्दै केही व्यवसायीले श्रम मन्त्रालय, वैदेशिक रोजगार विभागलगायतका निकायमा लिखित तथा मौखिक उजुरी गरेको बताइएको छ। विगतमा ती मुलुकमा गएका केही श्रम सहचारी र काउन्सिलर श्रमले मागपत्र प्रमाणीकरणमा अमुक म्यानपावर कम्पनीको पक्षधरता देखाएर अस्वभाविक आर्थिक आर्जन गरेका थिए। >>> पृष्ठ २ मा

### विभाग आधा महिनादेखि नेतृत्वविहीन




**काठमाडौं/मस**– श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार विभागको नयाँ महानिर्देशक नियुक्ति गर्न गरेको विलम्बले दुई हप्तादेखि विभाग नेतृत्वविहीन छ। नियुक्तिको ढिलाइले विभागमा महानिर्देशकको भूमिकामाथि नै प्रश्न उठेको छ।

विभागका धेरै प्रशासनिक र अर्धन्यायिक कामको अन्तिम निर्णय महानिर्देशकबाट हुनुपर्ने व्यवस्था छ। तर महानिर्देशक नहुँदा विगत करिव आधा महिनादेखि कतिपय सेवाग्राहीका महत्वपूर्ण र अति जरुरी काम रोकिएका छन्। महानिर्देशक नहुँदा नयाँ म्यानपावर कम्पनी दर्ता, उनीहरुमाथिको कारबाहीदेखि अन्य काम हुन नसकेको सेवाग्राहीको भनाइ छ। महानिर्देशकको जिम्मेवारीमा दुई वर्षका लागि भनेर गएका तत्कालीन >>> पृष्ठ २ मा

# संकल्प यात्राको समीक्षा सुनाउँदै एमाले

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ पुस ।

नेकपा एमालेले संकल्प यात्रा (मध्यपहाडी यात्रा)को समीक्षा सार्वजनिक गर्ने भएको छ। गत मंसिर १४ देखि पुस २ गतेसम्म बैतडीको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्म एमालेले 'समृद्धिका लागि संकल्पयात्रा' गरेको थियो। उक्त यात्राको समीक्षा सार्वजनिक गर्न लागिएको हो।

संकल्प यात्राको समीक्षा सुनाउन एमालेले आज (आइतबार) दिँउसो १ बजे पार्टी मुख्यालय च्यासलमा विशेष पत्रकार सम्मेलनको आयोजना गरेको छ।

यात्राका क्रममा बटुलेका विविध अनुभव, समीक्षा, प्रभाव र सन्देशको बारेमा पार्टीको औपचारिक धारणा सार्वजनिक गर्न लागिएको केन्द्रीय प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए।

विशेष पत्रकार सम्मेलनमा पार्टी अध्यक्ष केपी शर्मा ओलीसहित पार्टीका पदाधिकारीहरु सहभागी हुनेछन्। एमालेले आयोजना गरेको झुलाघाट चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्प यात्राको नेतृत्व एमाले अध्यक्ष ओली स्वमले गरेका थिए।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
८ पुस २०८०, आइतबार
24 December 2023, Sunday

# विज्ञापन बजारलाई पारदर्शी र प्रतिस्पर्धी बनाउने प्रक्रियाको थालनी भएको छः मन्त्री शर्मा

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले विज्ञापन नियमावली संशोधनमार्फत विज्ञापन बजारलाई पारदर्शी र प्रतिष्पर्धी बनाउने प्रक्रियाको थालनी भएको बताएकी छन् ।

नेपाल विज्ञापन संघ(आन)को २४ औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै उनले आफूले सञ्चार मन्त्रालय सम्हालेपछि मिडिया क्षेत्रबाट विज्ञापन बजार पारदर्शी भएन भन्ने ठूलो गुनासो सुनेपछि सरोकारवालासित छलफल गरेर विज्ञापन नियमावली संशोधनमार्फत विज्ञापन बजारलाई पारदर्शी र प्रतिष्पर्धी बनाउने प्रक्रियाको थालनी गरिएको बताएकी हुन् ।




उनले पारदर्शी विज्ञापन बजारले विज्ञापनदाता, मिडिया र व्यवसायी तीनै पक्षको हित गर्ने बताइन् । आर्थिक संकुचलनले मुलुकको समग्र आर्थिक क्षेत्र प्रभावित भएको र यसको मारमा विज्ञापन बजार पनि परेको उल्लेख गर्दै उनले विज्ञापन बजारमा संकुचन आउँदा विज्ञापन बजारमा कार्यरत जनशक्ति र मिडियामा समस्या आएको बताइन् ।

उनले भनिन्,'विज्ञापन बजारमा आएको संकुचनले विज्ञापन चक्रमा नै असर परिरहेको छ। आर्थिक क्रियाकलाप बढेसँगै विज्ञापन बजार पनि बढ्ने नै छ भन्ने विश्वास गर्न त सकिन्छ, साथसाथै विज्ञापन बजारलाई थप पारदर्शी र प्रतिष्पर्धी बनाउँदै लैजान पनि ध्यान दिनुपर्ने अवस्था छ ।'

खासगरी सरकारी कार्यालयबाट वितरण हुने विज्ञापनमा चरम बेथिति रहेको र अस्वभाविकरुपमा कमिसनको दुरुपयोग हुने गरेको सूचनाले आफूलाई गम्भीर बनाएको उनले बताइन् ।

मन्त्री शर्माले अब विज्ञापन नियमावली संशोधनमार्फत मिडियाको विल विजक र विज्ञापन एजेन्सीको शुल्कसमेत कागजात पेश गरेपछि मात्रै भुक्तानी हुने प्रावधानको थालनी गरिएको बताइन्। यसले विज्ञापनको सबै हिस्सा मिडियासम्म पुग्ने र विज्ञापन एजेन्सीहरुले पाउनुपर्ने सेवा शुल्क पारदर्शीरुपमा पाउने वातावरण बन्ने छ भन्ने सरकारको विश्वास रहेको उनले स्पष्ट पारिन् ।

विज्ञापन सामग्रीहरु लक्षित समुदायमा केन्द्रित नगरी औपचारिकताका लागि मात्रै सरकारी सूचना प्रवाह गर्ने देखिएको उल्लेख गर्दै मन्त्री शर्माले कुनै निश्चित जिल्लाको निश्चित पालिका वा समुदायका लागि आवश्यक सूचना त्यो ठाउँसम्म पहुँच नभएका मिडियामा दिने गरेकाले यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने बताइन् ।

विज्ञापन बजारका हिसाबले हेर्दा सार्वजनिक सूचना आर्थिक पक्षसँग पनि जोडिएला तर सरकार र जनताको आँखाबाट हेर्दा त यो जनताको सूचनाको हकसँग सम्बन्धित विषय भएको चर्चा गर्दै उनले विज्ञापनदाता वा विज्ञापन एजेन्सीहरुले जुन क्षेत्र र समुदायका लागि लक्षित सूचना हो, सोही ठाउँका मिडियाबाट प्रकाशन प्रसारण गर्ने व्यवस्था मिलाउनुपर्ने बताइन् ।

अहिले विज्ञापनको केही हिस्सा सामाजिक सञ्जाल मार्फत पनि जाने गरेको उल्लेख गर्दै उनले विज्ञापन नियमावली २०८० ले सामाजिक सञ्जालबाट हुने विज्ञापनको नियमन गर्ने बाटो समेत खुलाएको र यसका आधारमा विज्ञापन बोर्डले चाँडोभन्दा चाँडो नियमनको प्रक्रिया शुरु गर्नु आवश्यक रहेको बताइन् ।

सामाजिक सञ्जालमा हुने विज्ञापनले एकातिर नेपाली मुद्रा बिदेशिने खतरा बढाएको र अर्कोतिर नेपालमा दर्ता नभएका प्लेटफर्मा हुने कारोवारको जानकारी नै नेपाल सरकारलाई नहुने अवस्थाले समस्या सिर्जना गर्दै गएकाले सरकारले मस्यौदा गरिरहेको सामाजिक सञ्जालको प्रयोग तथा नियमनसम्बन्धी विधेयकमा पनि सामाजिक सञ्जालमा हुने विज्ञापनलाई निरुत्साहित गर्ने गरी प्रावधान समेटिने उनले जानकारी दिइन् ।

विज्ञापनसँग जोडिएका अन्य केही थप सवालहरु पनि ध्यान दिन आवश्यक रहेको उल्लेख गर्दै मन्त्री शर्माले खासगरी विज्ञापन उत्पादनको सवालमा देश, काल, परिस्थितिलाई ध्यान दिनुपर्ने बताइन् । संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेर महिलालाई मुलुकको राष्ट्रपति बनाइसक्ने अवस्थामा पुग्दा पनि महिलाको भूमिकालाई चुलो चौका र भात भान्सामै केन्द्रित गर्ने आशयका विज्ञापन उत्पादन गर्ने, नेपालको संविधान र कानूनले प्रतिबन्ध गरेका विभिन्न कुप्रथालाई प्रोत्साहन गर्ने खालका विज्ञापन पनि उत्पादन र प्रकाशन/प्रसारण गर्ने गरेको पाइएको उल्लेख गर्दै उनले यसमा विज्ञापनदाता, एजेन्सी र मिडियाहरु सचेत हुन आवश्यक रहेको बताइन्।

संघका अध्यक्ष सोमप्रसाद धितालको सभापतित्वमा भएको उद्घाटन सत्रमा विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवम् वस्तुगत संघका अध्यक्ष हेमराज ढकाल, मिडिया एलाइन्सका अध्यक्षा भाष्करराज राजकर्णिकारलगायतले संघको साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दै विज्ञापनका विविध पक्षहरुबारे चर्चा गरेका थिए ।

# बिजुलीको लाइन काटिएपछि महासंघको आकस्मिक बैठक

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, ७ पुस

सरकारले चारवटा उद्योगहरुको बिजुलीको लाइन काटेपछि नेपाल उद्योग वाणिज्य महासंघको आकस्मिक बैठक बसेको छ । नेपाल विद्युत् प्राधिकरणले बिजुलीको बक्यौता रकम नतिरेको भन्दै शुक्रबार चार उद्योगहरुको डेडिकेटेड र ट्रंक लाइनको बिजुली काटेको हो ।

प्राधिकरणले जगदम्बा स्टिल, घोराही सिमेन्ट, रिलायन्स स्पिनिङ मिल्स र अर्घाखाँची सिमेन्टको लाइन काटेको थियो । यि ४ वटा उद्योगहरूबाट कूल ८ अर्ब रुपैयाँभन्दा बढीको बिजुली बिल तिर्न बाँकी रहेको प्राधिकरण बताउँदै आएको छ ।

प्राधिकरणका अनुसार पटक-पटक बिजुलीको बिल तिर्न ताकेता गरेतापनि नतिरेपछि लाइन काट्न प्राधिकरण बाध्य भएको हो । प्रधानमन्त्रीको निर्देशन अनुसार ठूला उद्योगहरूको लाइन काटेपछि प्रतिरोधसहित उद्योग महासंघले आकस्मिक बैठक बोलाएको हो ।

आकस्मिक बैठकको नेतृत्व वरिष्ठ उपाध्यक्ष अन्जान श्रेष्ठले गरेका थिए भने यतिखेर महासंघका अध्यक्ष चन्द्र ढकाल काठमाडौं बाहिर छन् । बैठकमा सम्बन्धित वस्तुगत संघको पनि सहभागिता रहेको थियो ।

### नेतृत्वमाथि...

थियो । जुम्लाका २२ वर्षीय नविन तिरुवाले प्रचण्डमाथि जुत्ता प्रहार गरेका थिए ।

२०६७ सालमा पूर्व प्रधानमन्त्री झलनाथ खनालमाथि सुनसरीमा आयोजित कार्यक्रममा स्थानीय देवीप्रसाद रेग्मीले झापड हानेका थिए । हाल नेपाल समाजवादी पार्टीका अध्यक्ष रहेका डा. बाबुराम भट्टराईमाथि तत्कालीन जसपाको कार्यक्रममा पोखरामा जुत्ता प्रहार गरिएको थियो । विद्यार्थीको कार्यक्रमलाई सम्बोधन गरिरहेका भट्टराईलाई कैलालीका ३४ वर्षीय सञ्जिव भट्टराईले कालोझण्डा देखाउनुका साथै जुत्ता प्रहार गरेका थिए । २०६५ जेठ १५ गते हालका उपप्रधान एवम रक्षामन्त्री पुर्णबहादुर खड्कामाथि तत्कालीन सांसद कमला चप्पल प्रहार गरेकी थिइन् । बिभिन्न समयमा शीर्ष नेताहरुमाथि दुर्व्यवहार हुने गरेको देखिन्छ । यो निन्दनीय छ । लोकतन्त्रमा आफ्ना कुरा राख्न पाइन्छ तर, अर्को व्यक्तिमाथि आक्रमण गर्ने जस्तो कार्य दण्डनीय हो ।

### छुट्टाछुट्टै...

मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रदेशिक अस्पताल मलंगवामा उपचारको क्रममा मृत्यु भएको हो । ठक्कर दिने सवारी साधनको प्रहरीले खोजी गरिरहेको छ।

बाराको प्रसौनी गाउँपालिका २ दुधौरा खोलाको पुलमा कलैयाबाट वीरगंजतर्फ जाँदै गरेको म.प्र.०३/०३० प ४३९८ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार कलैया उपमहानगरपालिका १३ बलिरामपुर बस्ने २२ वर्षीय कुन्दन मेहता खत्री र सोही उपमहानगरपालिका १२ सितलपुर बस्ने २२ वर्षीय अभिमनु कुशवाहाको मृत्यु भएको छ ।

दुर्घटनामा परी गम्भीर घाइते भएका कुन्दनको एलएस न्यूरो अस्पताल परवानीपुरमा र अभिमनुको एनएमसि अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै, भक्तपुर, सूर्यबिनायक नगरपालिका ९ जगाती पुलस्थित सडकमा जगातीबाट साँगातर्फ जाँदै गरेको बा.१० च ८२८३ नम्बरको बोलेरो गाडीको ठक्करबाट पैदलयात्री रोल्पा घर भएका ३१ वर्षीय अर्जुन घर्तीमगरको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको केएमसि अस्पताल सिनामंगलमा उपचारको क्रममा मृत्यु भएको हो । गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सल्यानको बाग्चौर नगरपालिका ३ स्यालागैरास्थित सडकमा पनि दुर्घटना भएको छ। रा.१ क ८५९ नम्बरको तिरूपाते कम्पनीको जेसीबी अनियन्त्रित भई दुर्घटना हुँदा जेसीबीका सहचालक दाङ गढुवा गाउँपालिका ५ बस्ने २४ वर्षीय दिपेन्द्र चौधरीको घटनास्थलमै मृत्यु भएको छ। जेसीबी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### संघीयता..

समेट्न प्रयास पनि गरेको छ। अन्तरतह सरुवा, समायोजन लगायतका विषयमा पनि कर्मचारीहरुको चासो रहेको छ।

प्रतिस्पर्धाका लागि समावेशी व्यवस्था, समायोजन भएका कर्मचारीलाई संघीय निजामती सेवाको पदमा नै बढुवाका लागि अवसर दिनेसहित प्रतिस्पर्धाका लागि उमेर हदलगायतमा केही नयाँ व्यवस्था गर्नेबारे छलफल भएका छन् । तर, सरकार अझै पनि कर्मचारीहरुको किचलो छिचोल्न सकिरहेको छैन ।

नयाँ संविधान जारी भएपछि संघीय निजामती ऐन नबन्दा प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्न कठिनाइ भएको छ । जसका कारण प्रदेश र स्थानीय तहको सेवा प्रवाहमै समस्या उत्पन्न भएको छ । यसअघि २०७५ सालमा संसदमा दर्ता भएको संघीय निजामती सेवा विधेयक विवादका कारण अघि नबढेपछि सरकारले १९ असोज २०७८ मा फिर्ता लिएको थियो ।

कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले अब निजामति विधेयक संसदमा जाने बताउँछन्। संसद अधिवेशन बोलाउनमा ढिलाइ हुन गए अध्यादेशमार्फत निजामती विधेयक ल्याइने उनले बताएका छन् । शनिबार पार्टीको वाग्मती प्रदेशको पहिलो सम्मेलनमा बोल्दै उनले संघीय प्रहरी ऐन, संघीय कर्मचारी ऐन र शिक्षा विधेयकहरू संसद अधिवेशन बोलाउन लिइ भए अध्यादेशमार्फत ल्याइने बताएका हुन्। 'प्रदेशहरूले झन्डा पायो, दण्ड पाएन भन्ने कुरा आयो । अब हामी दण्ड नपाउने परिस्थिति अन्त्य गर्दै छौं । छिटै अन्त्य गर्दै छौं' उनले भनेका छन्।

संघीयताका लागि लडेका प्रधानमन्त्री प्रचण्डले तेस्रो पटक सरकारको नेतृत्व गरेको एक वर्ष हुँदा समेत निजामति विधेयक, शिक्षा विधेयक, प्रहरी समायोजन जस्ता विषयमा ठोस प्रगति हुन सकेको छैन । यसकारण सरकार सत्ता गठबन्धनभित्रैबाट समेत आलोचित हुन पुगेको अवस्था छ ।

कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले प्रदेशलाई अधिकार सम्पन्न बनाउने गरी संघीय सरकारले कानूनहरु निर्माण नगरे सिंहदरबार घेर्न जाने बताउँछन् । प्रदेशहरुले आफूहरुलाई अधिकार सम्पन्न बनाउने कानून माग्दा पनि प्रधानमन्त्रीले बेवास्ता गरेको भन्दै उनले असन्तुष्टि जनाएका छन् ।

निजामती सेवा, लोकसेवा आयोग, पहरी र केही आर्थिक अधिकारसँग सम्बन्धित कानून नहुँदा प्रदेशलाई अप्ठेरो परेको भन्दै शर्माले कांग्रेसको महासमिति बैठकसम्म ती कानून नबने प्रदेशका नेताहरुसँगै आफूहरु पनि सिंहदरबार घेर्न जाने बताएका हुन् ।

'प्रधानमन्त्रीजीलाई कांग्रेसको महामन्त्रीको हैसियतले भन्छु, कांग्रेसको महासमितिको बैठक हुँदै गर्दा प्रदेशलाई अधिकारसम्पन्न बनाउने गरी कानून आएन भने महासमिति बैठकबाट निर्णय गरेर हामी खुद सिंहदरबार घेर्नका लागि प्रदेशका साथीहरुसँगै उपस्थित हुनेछौं ।' शर्माले भनेका छन्।

कांग्रेसको महासमिति बैठक आगामी फागुन ७ देखि १० गतेसम्मका लागि तोकिएको छ ।

### श्रम...

ती कर्मचारीले त्यतिबेला यस्तै अप्ठ्यारो पारेर कमाएको धनका विषयमा राज्यका तर्फबाट कुनै सोधखोज नहुँदा त्यो कालो धन अहिले सहकर्मीहरुका बीचमा हैसियत देखाउने र दम्भ प्रदर्शन गर्ने साधन बनेको सहकर्मीहरुको भनाइ छ ।

हाल विभिन्न दूतावासमा खटिएका केही काउन्सिलर श्रम र श्रम सहचारीले पहिलेकाले जसरी वा त्योभन्दा बढी कमाउने योजनामा काम गरेकोले श्रम सहचारी र काउन्सिलर श्रमको पद नै बदनाम बन्दै गएको केही व्यवसायीको भनाइ छ । काउन्सिलर श्रम र श्रम सहचारीहरुले आफूहरु ऐन, कानून र निर्देशिकाले तोकेको दायरामा काम गरेको बताएर म्यानपावर व्यवसायीको गुनासो तथ्यमा आधारित नरहेको बताउने गरेका छन् ।

एकै प्रकृतिका मागपत्रमा कुनै म्यानपावरको फाइल २४ घण्टा नपुग्दै 'एप्रुभ' हुने, कुनै म्यानपावरका फाइल अनेक बहाना बनाएर हप्तौं अल्झाएर राख्ने कार्यबाट दर्जनौं म्यानपावर व्यवसायीहरु पीडित बनेका छन् । दूतावासका कर्मचारीलाई किनेरै या 'गिफ्ट' दिएरै आर्काको डिमाण्ड खोस्न खप्पिस केही व्यवसायीका कारणले पनि सोझा र इमान्दार व्यवसायीहरु मारमा पर्ने गरेका छन् ।

नयाँ श्रम सहचारी भएर जाने बेलामा नै म्यानपावरसँग प्लेन टिकट र पकेट खर्च माग्न पल्केका श्रम सहचारी र काउन्सिलरहरुको प्रायः ध्यान नै व्यवसायीहरुले 'पापड पेलेर' खोजेका डिमाण्ड छिटो प्रमाणीकरण गर्नुभन्दा सकेसम्म रोक्नुमा नै आफ्नो पदीय दम्भ ठान्छन् । विभाग र मन्त्रालय बस्दा नै व्यवसायीहरुको नाडी छामिसकेका उनीहरुलाई कसरी व्यवसायीहरुबाट कसरी 'दाम' झार्नुपर्छ भन्ने राम्रै थाहै छ । विभाग र मन्त्रालयमा रहँदा रुपैयाँमा 'कारोबार' गरेकाहरु श्रम काउन्सिलर र श्रम सहचारी भएर गइसकेपछि क्याल्कुलेटरमा रिंगेट, रियाल र दिनारमा हिसाब गर्न थाल्छन् । उनीहरुको क्याल्कुलेटरमा जति रकम थपिन्छ अन्ततः त्यो बोझ फ्रि भिसा र फ्रि टिकटको रिसिप्ट बोकेका कामदारकै थाप्लोमा जाने त हो भन्ने पनि उनीहरुले राम्ररी बुझेका छन् ।

### विभाग...

महानिर्देशक मदन दहालको मंसिर २५ गते सरुवा भएपछि श्रम मन्त्रालय विभागको नयाँ महानिर्देशकको खोजीमा रहेको छ। तर शनिबारसम्म नयाँ महानिर्देशकको टुंगो नलागेको मन्त्रालय स्रोतले बताएको छ ।

हाल मन्त्रालयमा कार्यरत सहसचिव राजीव पोखरेल, डण्डुराज घिमिरे महानिर्देशकका लागि योग्य भएपनि उनीहरु अनिच्छुक भएपछि बाहिरबाट महानिर्देशकको खोजी गर्दा समय लम्बिएको र यसबीचमा मन्त्री शरतसिंह भण्डारी र सचिव केवलप्रसाद भण्डारीको विदेश भ्रमणले ढिलाइ भएको मन्त्रालय स्रोतले बतायो । तर तत्कालीन महानिर्देशक सरुवा गर्दा हतारहतार गर्ने, तर नयाँ नियुक्त गर्न ढिलाइ गर्ने प्रवृत्तिले समस्याको गहिराइ बुझ्ने र त्यसको तत्कालै समाधान गर्ने प्रशासनिक जिम्मेवारीमा उदासिनता देखिएको कतिपयको टिप्पणी छ ।

## Parshuram Municipality
## Office of Municipal Executive
**Jogbuda, Dadeldhura**

## Invitation for Bids

**Date of publication: 2080/09/08**

1. Parshuram Municipality, Jogbuda, Dadeldhura invites electronic bids from Nepalese eligible bidders for the construction of following contract under National Competitive Bidding procedures.

| S. N. | IFB No. | Description of Work | Estimated Cost (Incl. VAT and PS) (NRs.) | Bid Security Amount (NRs.) | Price of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | 02/WORKS/NCB /PM/2080-081 | Construction of Bhageshwor Ma. Vi. 8 Room Hostel Building, Parshuram-4, Dadeldhura | 1,54,53,698.67 | 3,90,000 | 3,000 |
| 2. | 03/WORKS/NCB /PM/2080-081 | Construction of Parshuram Municipality Ward No. 1 Office Building, Parshuram-1, Dadeldhura | 1,25,56,314.37 | 3,15,000 | 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Parshuram Municipality, Jogbuda, Dadeldhura, Email: parshurammun@gmail.com, Phone No.: 096-411004, Mob. No.: 9848859830 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank : Nepal Bank Ltd. Office Account no. : 24403000001001000001**
**Name of Office : Parshuram Municipality, Jogbuda, Dadeldhura**
4. Electronic bids must be submitted to the office of Parshuram Municipality, Jogbuda, Dadeldhura through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2080/10/09. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2080/10/09 at the office of Parshuram Municipality, Jogbuda, Dadeldhura. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
Information to deposit bid security in Bank:
**Name of the Bank : Nepal Bank Ltd. Office Account no. : 24403000003000000001**
**Name of Office : Parshuram Municipality, Jogbuda, Dadeldhura**

**Chief Administrative Officer**

## भूल सुधार

मिति २०८०/०९/०७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कुवेत, युएई र कतारमा रोजगार शिर्षक कम्पनीको नाम : Start Delivery Company For Consumer Orders, पूर्व स्वीकृत मिति: २०८०/०८/०५, चलानी नं.: ६०२१०६०२, र LT. No.: 295557 को पुनः विज्ञापन क.नं. २ को कम्पनीको नाम : Mazaya Recruitment Sole Proprietorship Llc, पूर्व स्वीकृत मिति: २०८०/०६/२९, चलानी नं.: ६०२०५१५२, र LT. No.: 294021 को पुनः विज्ञापन क.नं. ३ को कम्पनीको नाम : Energy Plus Technical Services Wll, पूर्व स्वीकृत मिति: २०८०/०९/०६, चलानी नं.: ६०२११९१२, र LT. No.: 296874 को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८०/०९/१४ (30/12/2023) हुनपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ।

BRIGHT FUTURE HR SOLUTION PVT.LTD.
KMC-03, Basundhara, Kathmandu, Nepal.
नेपाल फोन नं.: ०१-४५१४६३२
Email : cvsbrightfuturehrs@gmail.com

## समुन्नति थलो लि.को
### वार्षिक साधारण सभासम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०९/०८**

यस **समुन्नति थलो लि**. को मिति २०८० पुस ७ गते शनिबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस कम्पनीको १५औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा सम्पन्न हुने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**मितिः २०८०/०९/२८ गते शनिबार**
**समयः बिहानको ठिक ११:०० बजे**
**स्थानः ऐंचो पैंचो बचत तथा ऋण सहकारी संस्था लि.को भवन, कालीमाटी, काठमाडौं ।**

**साधारण सभामा छलफल हुने विषयहरुः**
१) सञ्चालक समितिले पेश गरेको वार्षिक कार्य प्रगतिमाथि छलफल र पारित ।
२) आगामी आ.व.को अनुमानित आयव्यय र गत आ.व.को आर्थिक प्रतिवेदन प्रस्तुत तथा पारित ।
३) आ.व. २०८०/०८१ को लागि लेखा परीक्षक नियुक्ति तथा पारित ।
४) कम्पनीको शेयर पुंजी थपघट सम्बन्धमा ।
५) विविध ।

**थप जानकारीका लागि सम्पर्क नं. ९८४२११३३५०/९८४३७६४५२७**

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०९/०८**

**त्रिपल बि. रिसोर्ट एण्ड होटल प्रा.लि.** को मिति २०८०/०८/२३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **त्रिपल बि. एकिकृत कृषि तथा पशुपंक्षी फर्म प्रा.लि. (प्रा.लि. नं.: १८९७४३)** साथै साविक ठेगाना परिवर्तन गरी **पालुङटार न.पा.-०९, गोरखा** कायम गर्ने गरी मिति २०८०/०९/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Bhugol overseas Pvt. Ltd. इजाजत पत्र न. १०४९/०७३/०७४ मा निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | गंगा बहादुर धती मगर | ६६३००९/४६१ | Office Boy |

BHUGOL OVERSEASE PVT. LTD.
Dhapashi, Kathmandu, Tel: 4386552, 4386195
Email: admin@bhugoloverseas.com, Web.: www.bhugoloverseas.com
Gov. Lic No. 1049/073/074

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
## सडक डिभिजन सुर्खेत
सुब्बाकुना

## बोलपत्र तथा सिलबन्दी दरभाउपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना

**(प्रकाशित मिति : २०८०/०९/०८)**

यस सडक डिभिजनको सूचना नं. २-०८०/८१, मिति २०८०/०६/२४ र सूचना नं. ३-०८०/८१, मिति २०८०/०८/१२ को राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा प्रकाशित बोलपत्रको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु तथा सिलबन्दी दरभाउपत्रहरुको मुल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र र सिलबन्दी दरभाउपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**देहायः**

| सि.नं. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस सहित) |
|---|---|---|---|
| १ | RDSKT/33731011-3/080/81-10 | M/S G.T. Construction, Surkhet | ३५,९४१,०८२.१० |
| २ | RDSKT/33731011-3/080/81-11 | M/S Phatakshila Nirman Sewa, Sindhupalchok | १,०८१,६०२.११ |

**डिभिजन प्रमुख**

# अर्घाखाँचीमा विद्युतीय गाडी भाडा सस्तो, सुविधा धेरै

**नविन वि.क/मध्यान्ह**
अर्घाखाँची, ७ पुस



शुक्रबारदेखि सन्धिखर्क-बुटवल रुटमा विद्युतीय गाडी चलेका छन् । डिजेल तथा पेट्रोलबाट चल्ने गाडी मात्र हिँड्ने यो रुटमा अबदेखि विद्युतीय गाडी चल्ने भएका हुन् । जिल्लाको सन्धिखर्क, खनदह, असुरकोट, ढाकावाङदेखि सन्धिखर्क हुँदै बुटवलसम्म दैनिक बिजुली गाडी चल्ने भएका छन् ।

यसअघि प्राय: पेट्रोल र डिजेलका गाडीहहरु मात्रै नियमित चल्ने सन्धिखर्क-बुटवल रुटमा अबदेखि विद्युतीय गाडीहरु पनि चल्न थालेका छन् । विद्युतीय गाडीमा डिजेल तथा पेट्रोल गाडीको तुलनामा भाडा पनि कम लाग्ने भएको छ । बिजुलीबाट चल्ने गाडीमा पहाडको बाटोमा प्रति किलोमिटर ८ रुपैयाँ, सन्धिखर्कदेखि पथ्रकोट सम्म प्रतिकिलोमिटर ६ रुपैयाँ र तराईको बाटोमा ३ रुपैयाँ प्रति किलोमिटरका दरले भाडा निर्धारण गरिएको छ । सन्धिखर्कदेख अब बुटवल ४ सय ८० रुपैयाँमा पुग्न सकिन्छ ।

अर्घा भगवती यातायात प्रा.लि. ले अर्घाखाँचीमा विद्युतीय गाडीको सुरुवात गरेको हो । यहाँको बाटोमा विद्युतीय गाडीको परीक्षण गरी सफल भएपछि विद्युतीय गाडी सञ्चालनमा ल्याइएको प्रा.लि.का महासचिव कुशल भुसालले जानकारी दिए । भुसालले १५ वटा ११ सिटे बिजुली गाडी सञ्चालनमा ल्याइ जिल्लाका विभिन्न स्थानबाट बुटवलसम्म सञ्चालन गरिएको बताए । 'जिल्लामा नयाँ व्यवस्थापनका साथ विद्युतीय गाडी सञ्चालनमा ल्याएका छौं, अहिले तत्काल अर्घाखाँची-बुटवल चलिरहेका छन्,' उनले भने 'अब छिट्टै कृष्णनगर, दाङ लगायतका ठाउँमा सञ्चालन गर्ने तयारीमा छौं, जिल्लाका पनि धेरै ठाउँबाट विद्युतीय गाडी सञ्चालन गर्ने लक्ष्य छ ।'

बिहान पौने ५ बजे सन्धिखर्कको भक्तिटोलाबाट पहिलो विद्युतीय गाडी छुट्छ, पहिलो गाडी करिब ९ बजे बुटवल पुग्ने विद्युतीय सवारी चालक केशव घिमिरे बताउँछन् । घिमिरे भन्छन्, 'यहाँबाट विद्युतीय गाडी निर्धारित समयमै छुट्छ अनि निर्धारित समयमै यात्रुलाई गन्तव्य स्थानमा पुर्याउँछौं, लामो सयम अन्य गाडी चलाउँदै आएको थिए, तर विद्युतीय गाडी चलाउँदा सुरुमा कस्तो होला भन्ने लागेको थियो तर अन्य गाडी भन्दा धेरै आरामदायी भएको महसुस गरे ।'

चालक घिमिरेले जस्तै यात्रुहरुले पनि विद्युतीय गाडीमा यात्रा गर्न सहज र आरामदायी भएको बताए । सन्धिखर्कबाट बुटवलसम्म विद्युतीय गाडीमा यात्रा गरेकी राधा वि.कले विद्युतीय गाडीमा यात्रा गर्दा गन्ध पनि नआउने र बान्ता हुने सम्भावना पनि कम हुने बताइन् । उनले भाडा पनि सस्तो भएकाले अब सबैले विद्युतीय गाडीलाई प्रोत्साहन गर्नुपर्ने बताइन् । 'धुँवारहित भएकाले वातावरण प्रदुषण हुनबाट जोगिन्छ,' उनले भनिन् 'वातावरणलाई स्वच्छ राख्नलाई पनि विद्युतीय गाडीको प्रयोग बढाउनुपर्छ ।'

सन्धिखर्कदेखि बुटवलसम्म जानको लागि अर्घा भगवती यातायातका गाडीमा ३५ देखि ४० प्रतिशत मात्र चार्जर लाग्ने महासचिव भुसालको भनाइ छ । उनले सन्धिखर्कको बसपार्क र सन्धिखर्क-गोरुसिंगे सडकको भेडामारेमा प्रा.लिले चार्जिङ्ग स्टेशन राखेको जानकारी दिए ।

**के-के छन् अर्घा भगवतीका गाडीमा सुविधा ?**

अर्घाखाँचीदेखि बुटवलसम्म चलिरहेका अर्घा भगवती यातयात प्रा.लिका विद्युतीय गाडीमा न्यूनतम भाडादर निर्धारण गरिएको छ । यात्रुलाई गाडीमा फ्रि वाईफाइको व्यवस्था छ, यात्रुले गाडीमा विभिन्न सामाजिक सञ्जाल चलाउन सक्नेछन् । यस्तै यात्रुको सुरक्षालाई मध्यनगर गर्दै गाडीमा सीसी टिभीको पनि व्यवस्था गरिएको प्रा.लिका कोषाध्यक्ष सिद्धि प्रसाद भुसालले जानकारी दिए । उनले गाडीमा जिपीयस पनि जडान गरिएको जानकारी दिए । 'गाडीमा जीपीएस राखिएको छ । गाडी कहाँ पुग्यो भनेर हेर्न सकिन्छ,' उनले भने 'अन्य थप सेवाहरु पनि छिट्टै लिने छौं ।'

# 'आउँदो वैशाखभित्रै हुम्लाको सिमकोट कर्णाली करिडोरसँग जोडिन्छ'

**महेश कार्की/मध्यान्ह**
बाजुरा, ७ पुस




भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले आउँदो वैशाखभित्रै हुम्लाको सिमकोटलाई कर्णाली करिडोरसँग जोड्ने बताएका छन् । दुर्गम हुम्लाको सिमकोटलाई तत्काल कर्णाली करिडोरसँग जोड्ने गरी काम गर्न मन्त्री ज्वालाले निर्माण व्यवसायीलाई निर्देशन दिए ।

उत्तर, दक्षिण, व्यापारिक मार्ग विस्तार आयोजनाको खुलालु सलिसल्ला सडक योजनाको कार्यालय उद्घाटन गर्न कोल्टी पुगेका मन्त्री ज्वालाले सडक निर्माण, स्तरोन्नति र पुल निर्माणको कामलाई ढिला सुस्ती गर्न नहुने बताए । उनले बाह्रै महिना सडक नियमित सुचारु गर्न र आउँदो वैशाखभित्रै हुम्लाको सिमकोटसम्म गाडी पुर्याउनका लागि सेवा विस्तारको कामलाई प्राथमिकता दिनुपर्ने बताए ।

दुर्गम क्षेत्रका नागरिकलाई तत्काल सुविधा दिन चाँडो भन्दा चाँडो सडक र पुलको निर्माण कार्य सक्न उनले निर्देशन दिए । सरकारका तर्फबाट रकमको अभाव नहुने बताउदै उनले निर्माण व्यवसायीलाई गुणस्तर र दिगोपनासँगै प्रभावकारी काम गर्न सुझाव दिए ।

राष्ट्रिय गौरवको आयोजना निर्माणका लागि आवश्यकताअनुसार बजेटको व्यवस्थापन गरी ठेक्का लगाउन सकिने उनले बताए । उनले खुलालुदेखि सिमकोटसम्मको सडक खण्डमा ट्रयाक खोल्न बाँकी रहेको ठाउँमा ट्रयाक खोल्ने र टेण्डर आह्वान गरी सडक निर्माण हुने बताए ।

# रोल्पा नगरपालिका जिल्लामै उत्कृष्ट




**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ७ पुस

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा रोल्पा नगरपालिका ८२.२५ प्रतिशत अंक ल्याएर जिल्लामै सर्वोत्कृष्ट हुन सफल भएको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको शुक्रबार सार्वजनिक सूचनामा रोल्पा जिल्लाको १० वटा स्थानीय तहमध्ये रोल्पा नगरपालिका १०० प्रतिशत मूल्यांकनमा ८२.२५ प्रतिशत ल्याएर लिजामा प्रथम हुन सफल भएको हो ।

रोल्पा नगरपालिका लेखा शाखा प्रमुख बसन्त गिरीले रोल्पा नगरपालिका स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनतर्फ ८४.५ अंक ल्याएर प्रदेशको चौथो स्थानीय तह बन्न सफल भएको छ । लुम्बिनी प्रदेशको १०९ स्थानीय तहमध्ये रोल्पा नगरपालिका चौथो हुन सफल भएको हो ।

त्यस्तै जिल्लाका अन्य पालिकाहरु त्रिवेणी गाउँपालिका ७६.२५ प्रतिशत ल्याएर दोस्रो, सुनिल स्मृति गाउँपालिका ६९ प्रतिशत ल्याएर तेस्रो, सुनछहरी गाउँपालिका ६६ प्रतिशत ल्याएर चौथो, रुन्टीगढी गाउँपालिका ६४.२५ प्रतिशत ल्याएर पाँचौं, लुंग्री गाउँपालिका ६४.२५ प्रतिशत ल्याएर छैटौं, थबाङ गाउँपालिका ६३.७५ प्रतिशत ल्याएर सातौं, गंगादेव गाउँपालिका ६३.५ प्रतिशत ल्याएर आठौं, परिवर्तन गाउँपालिका ५०.५ प्रतिशत ल्याएर नवौं र माडी गाउँपालिका ४२.२५ प्रतिशत ल्याएर दशौं भएका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७ अनुसार मूल्यांकन गरेको रोल्पा नगरपालिकाका योजना शाखा प्रमुख सुशील थापाले बताए । स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धिहरुको लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र स्थानीय तहको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराइ स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउनका लागि यो कार्यविधि ल्याइएको हो ।

## Lalitpur Metropolitan City office

**Pulchowk, Lalitpur**

**Invitation For Electronic Bids**

**Date of publication: 2080-09-08 (24th Dec, 2023)**

The Lalitpur Metropolitan City Office, Pulchowk, Lalitpur invites electronic bids only from eligible bidders under Single Stage Two Envelope Bidding procedures for the construction of following works as per given table below. Bidders may obtain further information at Lalitpur Metropolitan city Office, Pulchowk, Lalitpur, or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S.N. | Contract Identification No | Contract Name | Bid security (120 days) | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | LMC-NCB-WORKS-2080/81-03 | Construction of Transparent Green Fence At Different Palces of Lalitpur Metropolitan City | NRs 7,20,000 | 2080-10-09 (23rd Jan 2024 at 12.00 PM | 2080-10-09 (23rd Jan 2024 at 12.30 PM | 5000.00 |
| 2 | LMC-NCB-WORKS-2080/81-04 | Smart Disable Freindly Footpath Construction Works | NRs. 9,78,000 | 2080-10-09 (23rd Jan 2024 at 12.00 PM | 2080-10-09 (23rd Jan 2024 at 12.30 PM | 5000.00 |


## साउदीमा रोजगार

कम्पनी: ACTIONHA RESTAURANTS TO PROVIDE MEALS
शहर: Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०६/१८ चलानी नं.: ६०२०८७४४ LT. No.: 293622 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १५ गते (31 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.
श्रम ईजाजत न.: ७४१/०६४/०६५
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०

## मलेसियामा रोजगारको अवसर

कम्पनी : SOON HENG DEE TRADING COMPANY
शहर : Malaysia

पूर्व स्वीकृत मितिः २०८०/०९/०६ चलानी नं.: ६०२११९१३ LT. No.: 296873

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष १५ गते (31 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: FIRST GROUP FOR GENERAL TRADING & CONTRACTING CO. KUWAIT शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०९/०६ चलानी नं.: ६०२११९१५ L.T. No.:296924

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor/worker/helper (Indoor) | 160 | 0 | स. काममा दक्ष | 90 | ३८,९०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: EAT ILLAM FRESH RESTAURANT शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०९/०६ चलानी नं.: ६०२११९१६ L.T. No.:296925

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 2 | 0 | सम्बन्धित काममा दक्ष | 190 | ८२,१२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef Assistant | 1 | 0 | | 150 | ६४,८३९ | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 140 | ६०,५१६ | | | | | | | |
| 4. | Helper | 1 | 0 | | 100 | ४३,२२६ | | | | | | | |
| 5. | Waiter | 1 | 0 | | 120 | ५१,८७१ | | | | | | | |

कम्पनी: :AL-JAZIRAH INDUSTRIAL PROJECTS GENERAL TRADING & CONTRACTING CO W.L.L. शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/११/११ चलानी नं.: ६०१९७१२३ L.T. No.: 281618 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 122 | 0 | सम्बन्धित काममा दक्ष | 95 | ४१,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper/labor/semiskilled/worker | 100 | 0 | | 95 | ४१,०६४ | | | | | | | |
| 3. | Hv Drivers | 15 | 0 | | 170 | ७३,४८४ | | | | | | | |
| 4. | Lv Drivers | 5 | 0 | | 135 | ५८,३५५ | | | | | | | |
| 5. | Operators | 10 | 0 | | 180 | ७७,८०६ | | | | | | | |
| 6. | Waiter | 0 | 3 | | 130 | ५६,१९३ | | | | | | | |

कम्पनी: AL-JAZIRAH INDUSTRIAL PROJECTS GENERAL TRADING & CONTRACTING CO W.L.L. शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/१०/०३ चलानी नं.: ६०१९५१४१ L.T. No.: 279590 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cable Pullers | 40 | 0 | स. काममा दक्ष | 95 | ४१,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cable Pulling Foreman | 4 | 0 | | 180 | ७७,८०६ | | | | | | | |
| 3. | Carpenter | 10 | 0 | | 120 | ५१,८७१ | | | | | | | |
| 4. | Electrical Foreman | 4 | 0 | | 180 | ७७,८०६ | | | | | | | |
| 5. | Electrician | 38 | 0 | | 120 | ५१,८७१ | | | | | | | |
| 6. | Helper/labor/ Semiskilled | 40 | 0 | | 95 | ४१,०६४ | | | | | | | |
| 7. | Hv Drivers | 3 | 0 | | 170 | ७३,४८४ | | | | | | | |
| 8. | Inst Technician / Fitter | 30 | 0 | | 130 | ५६,१९३ | | | | | | | |
| 9. | Instrumentation & Tel Foreman | 2 | 0 | | 180 | ७७,८०६ | | | | | | | |
| 10. | Lv Drivers | 3 | 0 | | 135 | ५८,३५५ | | | | | | | |
| 11. | Mason | 10 | 0 | | 120 | ५१,८७१ | | | | | | | |
| 12. | Operators | 4 | 0 | | 180 | ७७,८०६ | | | | | | | |
| 13. | Riggers / Scaffolds | 7 | 0 | | 110 | ४७,५४८ | | | | | | | |
| 14. | Welder / Fitter / Fabricator | 5 | 0 | | 140 | ६०,५१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० पुष १५ गते (31 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

DHR
Gov. lic. No. 789/065/66
Destiny Human Resource Nepal Pvt. Ltd.
Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email:tinkunedestinyhr@gmail.com
Mob: 9863911244, 9851202756, 9851170405, 9860405352

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
८ पुस २०८०, आइतबार
24 December 2023, Sunday

सम्पादकीय

## सार्वजनिक अभिव्यक्तिको अन्तर्य

शुक्रबार मोरङको एक कार्यक्रममा पुगेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रीहरू फेरेर भएपनि सरकारको कामलाई गति दिने बताएका छन् । प्रधानमन्त्री प्रचण्डको सार्वजनिक अभिव्यक्ति अनुसार, सरकारको वर्षदिन पुगेको अवसर पारेर आगामी १० पुसमा विशेष सम्बोधन हुनेछन् । उक्त सम्बोधनअनुसार काम गर्न नसके मन्त्रीहरू फेरेर भएपनि अगाडि बढ्ने प्रतिबद्धता जनाएका छन् । प्रधानमन्त्री प्रचण्डले यसअघि मन्त्रालयका सचिवहरूप्रति असन्तुष्टि जनाएका थिए । मन्त्रीहरू फेर्न तयार हुने र सचिवहरूको कामप्रति असन्तुष्ट जनाउनुको अर्थ सरकारले एक वर्षमा उल्लेख्य काम गर्न नसकेकै पुष्टि हुन्छ । किनकि सरकार प्रभावकारी हुने थियो भने प्रधानमन्त्री प्रचण्डले यस्तो गुनासो र प्रतिबद्धता गर्नुपर्ने थिएन । सरकार सफल बनेको दावी पुष्टि हुने तथ्यहरू प्रस्तुत गर्ने थिए ।

तर सरकार प्रभावकारी रहेको देखाउने तथ्य प्रस्तुत गर्नुभन्दा पनि प्रधानमन्त्री प्रचण्डले कहिले सचिवहरूको साथ नपाएको र कहिले मन्त्रीहरू फेर्ने प्रशंग सार्वजनिक गरेका छन् । जबकी यो बेला नागरिकका समस्या सम्बोधन गर्नुपर्ने तड्कारो आवश्यकता देखिन्छ । नेतृत्वप्रति चरम असन्तुष्टि देखिनु अनि व्यवस्था उल्ट्याउने उर्दीमा नागरिक सहभागिता देखिनुले सरकार गम्भीर बन्नुपर्ने समय हो । तर त्यसबिपरीत प्रधानमन्त्री प्रचण्डले गतिलो काम गर्न नसकेको पुष्टि हुनेगरी सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । मुलुकको कार्यकारी प्रमुखकै त्यस्तो अभिव्यक्तिले राजनीतिक स्थीरता र सुशासनमार्फत् नागरिकमा आशा जगाउन सहयोग पुग्दैन । किनकि मन्त्रीहरू फेरिदैछन् भन्ने सन्देश जनासाथ त्यस्ता मन्त्रीहरूले विभागीय नेतृत्व लिन सक्दैनन् । यदि मन्त्री फेर्ने नै हो भने पनि अभिव्यक्ति दिएर भन्दा पनि निर्णयद्वारा गरिनुपर्ने हो ।

तर एक वर्षभित्रै १२औंपटक मन्त्रिपरिषद् पुनर्गठन गरिसकेका प्रधानमन्त्री प्रचण्डले अहिलेको बजार हल्लालाई पुष्टि हुनेगरी सार्वजनिक टिप्पणी गरेका छन् । कर्मचारी वृत्तमा केही समय पहिलेबाटै मन्त्रिपरिषद् पुनर्गठन हुन लागेको र महत्वपूर्ण मन्त्रालयकै मन्त्रीहरू हट्न लागेको चर्चा हुँदै आएको थियो । गृह, अर्थ, परराष्ट्र जस्ता मन्त्रालयकै नेतृत्व असफल भएको टिप्पणीलाई प्रधानमन्त्री प्रचण्डको अभिव्यक्तिले थप बल पुगेको छ । त्यसैपनि वर्षदिनमा लगभग सबै दल सरकारमा सहभागी भइसकेको छ र प्रतिपक्षीतर्फ शक्ति बढ्दै गएको छ । अझ यो सरकार गठबन्धनको जगमा बनेकाले गठबन्धनको नेतृत्व चिढ्याएर सरकार टिक्ने अवस्था देखिदैन । त्यसैले प्रधानमन्त्रीले दिने सार्वजनिक अभिव्यक्तिमा ध्यान पुग्न आवश्यक छ । यसको अर्थ अहिलेका मन्त्रीहरूले मन्त्रालयको नेतृत्व लिन सकिरहेका छैनन् भने त्यसमा तत्काल निर्णय लिन प्रधानमन्त्रीको अधिकार हो । तर सार्वजनिक बक्तव्य दिएर विश्वास गुमाउनेतिर लाग्नु उचित होइन ।

# भृगु संहिता : छायाँमा परेको विज्ञान

*भृगु ऋषि सरासर गएर विष्णु भगवानको छातीमा पाउ बजारेर चीर निद्रा भङ्ग गरे । यो दृश्य देखेर माता लक्ष्मी रिसाइन् । विष्णु निन्द्राबाट उठेर तत्काल भृगु ऋषिको चरण समाउँदै प्रेमपूर्वक भृगुलाई हेरेर भने, "मेरो छाती त बज्र समान कडा छ । तपाईंको चरण कोमल र मुलायम छ, कतै चोट पो लाग्यो कि ?"*

धर्म-संस्कृति



● रत्न प्रसाद अनामणी

पौराणिक तथ्यअनुसार भृगु ब्रह्माका मानस पुत्र (मनबाट जन्मेका) हुन् । ब्रह्माद्वारा श्रृष्टि गरेका प्रजापतिहरू मध्ये एक मानिन्छ, भृगु । सप्तऋषिहरू मध्ये पनि एक भृगु ऋषि हुन् । महर्षि भृगुले दक्ष प्रजापतिकी छोरी ख्यातीसँग विवाह गरेका थिए । भृगुको अन्य पत्नीहरू काव्यमाता र पुलोमा हुन् । भृगुको पत्नी ख्यातिबाट दुई छोराहरू धाता र विधाता जन्मेका थिए । छोरी भार्गवी हुन् । कथाअनुसार भार्गवीको भगवान विष्णुसँग विवाह भएको थियो । भृगुका काव्यमाता पत्नी तर्फबाट शुक्राचार्यको जन्म भएको थियो । त्यसैगरी, भृगु ऋषिको तेस्रो पत्नी पुलोमाबाट च्यवन पुत्र जन्मेका थिए ।

ब्रह्माका पुत्र भृगु ऋषिले ठूलो तपस्या गरेर ज्योतिषको महान् ग्रन्थ ज्योतिष संहिता रचना गरेको कुरा पौराणिक कहानीमा भेटिन्छ । उक्त ज्योतिष संहितामा मानिसहरूको भविष्यबारे के-कस्तो हुन्छ भन्ने कुरा व्याख्या गरिएको थियो । उक्त ग्रन्थको फलादेशबारे सप्त ऋषीहरूमा पनि विभिन्न शंका उपशंका थियो । सोबारे थाहा पाउन एकदिन सप्त ऋषिहरूले एउटा ठूलो र भव्य यज्ञ संचालन गर्ने निधो गरेको थिए । सो यज्ञको लागि ब्रह्मा, विष्णु र महेश्वरमध्ये कुन देवतालाई प्रमुख स्थान दिने भन्नेबारे छलफल हुँदा भविष्यवक्ता भृगु ऋषिलाई जिम्मा दिइएको छ । सो कुरा पत्ता लगाउन भृगु ऋषिले अनुसन्धान गर्ने भएछन् ।

ब्रह्मा, विष्णु र महेश्वर आ-आफूबिचमा आ-आफै ठूलो हुँ भन्ने घमण्ड र अहम् थियो । को ठूलो भन्ने थाहा पाउन भृगुलाई पनि हम्मे-हम्मे भयो । त्यसकारण भृगुले तिनीहरुलाई प्रत्यक्ष भेटेर निर्णय लिने विचार गरे ।

यही शिलशिलामा भृगु ब्रह्माकहाँ गए । जब पूर्व 'सूचना' नै नदिई ब्रह्मा कहाँ पुगे, त्यतिखेर ब्रह्माजी आफ्नो घरभित्र ब्रम्हायणीसँग प्रेमपूर्वक मिठा मिठा प्रेमिल कुरा गरिरहेका थिए । यस्तो अवस्थामा भृगुले ब्रह्माजीलाई खलल नगरी बाहिर नगरी बाहिर कुरि बसे । धेरैबेरसम्म कुरेपछि ब्रह्माजी बाहिर आए । र, बिनाकारण भृगु ऋषि आएकोमा रिसाए । बिनाकारण केही नबोली ब्रह्मा रिसाएपछि भृगु ऋषि पनि नबोलीकन त्यहाँबाट फर्किए ।

त्यसपछि भृगु ऋषि शिव भगवान कहाँ गए । शिवको परिक्षा लिन पुग्दा त्यो समय शिवजी समाधिमा लिन भएर बसेका थिए । समाधिमा लीन भएर बसेको बेला जब भृगु ऋषि पुगे उनको समाधि भङ्ग भयो । यो देखेर शिवजी रिसले चूर भए । जब समाधी भङ्ग भएर रिसाएपछि पाहुनाको अर्थात् भृगुको वास्ता नगरेपछि भृगु ऋषि त्यहाँबाट पनि फर्किए ।

अन्त्यमा विष्णुको परीक्षा लिन विष्णुको द्वारमा पुगे । भृगु ऋषि जब विष्णु कहाँ पुगे, त्यतिखेर विष्णु क्षीर सागरमा शेष शैयामा चीर निद्रामा मग्न थिए । व्यतिखेर लक्ष्मी विष्णु भगवानको चरणमा स्नेहपूर्वक पाउमा मालिस गरिरहेकी थिइन् । उक्त समयमा भृगु सरासर गएर विष्णुलाई जगाउन छातीमा पाउ बजारेर चीर निद्रा भङ्ग गरे । यो दृश्य देखेर माता लक्ष्मी रिसाइन् । विष्णु निन्द्राबार उठेर तत्काल भृगु ऋषिको चरण समाउँदै प्रेमपूर्वक भृगुलाई हेरेर भने, "मेरो छाती त बज्र समान कडा छ । तपाइँको चरण कोमल र मुलायम छ, कतै चोट पो लाग्यो की ?" यस्तो बचन सुनी भृगु ऋषि अत्यन्त खुशी भए । भृगु ऋषिले निर्धकसाथ भने, "मैले ब्रह्मा, विष्णु र महेश्वर तीनै जनालाई परीक्षा लिँदा सर्वश्रेष्ठ तपाइँ विष्णु हुनुहुँदो रहेछ । मलाई खुशी लाग्यो ।"



*भृगु ऋषिले लेखेको भृगु संहिता एक विज्ञान हो । आजको विज्ञान तथा प्रविधिमय विश्वमा पनि यसको महत्व उत्तिकै छ । तथापि, यस संहितालाई आ-आफ्नो स्वार्थले व्याख्या वा विश्लेषण गरिँदा यसप्रति जनविश्वास घट्दै गएको र यसको महत्व छायाँमा पर्दै गएको देखिन्छ ।*

यसरी तीन देवताको विवाद समाधान भएता पनि माता लक्ष्मी भने निकै रिसाएर बसेकी थिइन् । आफ्नै अगाडि आफ्ना प्रिय पतिको छातीमा खुट्टाले हिर्काएर अपमान गरेकोले रिसले चुर भएर श्राप दिइन्, "तिमीले जुन ग्रन्थ लेख्यौ, त्यो कहिल्यै पूरा नहोस् । त्यो अभिमानपूर्ण ग्रन्थलाई म हेर्न पनि सक्दिन ।" लक्ष्मीले ज्यादै रिसाएर दिएको श्राप देखेर विष्णु भगवानले विनम्रतापूर्वक निवेदन गरे, "शान्त हुनुहोस् माता लक्ष्मी, त्यसको बदलामा मपनि केही आशिष दिन्छु भृगु, तपाइँले यो होइन अर्को एउटा ग्रन्थ लेख्नुहोस्, जुन ग्रन्थको फल कहिल्यै पनि अपूर्ण नहोस् ।"

त्यसपछि ऋषि भृगुले अर्को ग्रन्थ रचना गरे, जसको नाम भृगु संहिता रह्यो । विष्णुले दिएको आर्शिवाद प्राप्त भृगु संहितामा सम्पूर्ण मानवहरूको जन्मकुण्डली निर्माण र फलादेशको स्पष्ट व्याख्या गरिएको छ । यस ग्रन्थकै आधारमा अहिले पनि चिना निर्माण गरिन्छ ।

भृगु संहिता संस्कृतबाट लेखिएको ग्रन्थ हो । जसमा वर्तमान र भविष्यका जीवनहरूका साथै विगतका जीवनहरूको बारे जानकारीहरू पाइन्छ । भृगुको आश्रम भारतको वर्तमान हरियाणा राजस्थान सिमामा धोसी पहाड नजिक रहेको बताइन्छ । कथाहरुअनुसार भृगु संहिताका प्रमुख भागहरू भने हराएका छन् । भृगु ऋषिले आफ्ना केही शिष्टलगायत आफ्ना छोरा शुक्राचार्यलाई भविष्यवाणी कला सिकाएको भनिन्छ । वास्तवमा भृगु संहिता महर्षी भृगु र उनका शुक्राचार्यबिचको कुराकानी र संवादको रूपमा रहेको भनिन्छ । गीतामा भगवान् कृष्ण र अर्जुनको संवाद जस्तै बनाइएको थियो भनिन्छ । जनमानसमा विश्वास छ कि शुक्राचार्यको रहस्य जान्ने व्यक्ति कहिल्यै गरीब हुँदैन । दानव गुरु शुक्राचार्य भगवान् शिवका प्रखर उपासक थिए ।

वास्तवमा कुनै पनि मानिसको चिनाले त्यो व्यक्तिको जीवनमा के-कस्तो ग्रह दशा बसेको छ ? नक्षत्र, ग्रह, राशि, उच-नीच, मूल त्रिकोण, शत्रु, मित्र, व्यवसाय, स्वास्थ्य, आगामी दिनमा आउने परिस्थितिबारे सरल ढंगले गणितीय माध्यमद्वारा स्पष्ट जानकारी दिइन्छ । हाम्रा परम्परागत चलन हेर्ने हो भने बच्चा जन्मदा उसको न्वारानको नामसमेत यसैबाट राख्ने गरिन्छ । ज्योतिषशास्त्र अथवा खगोलशास्त्रका पिता भनेर भृगु ऋषिलाई मानिन्छ । आजको विश्व परिवेशमा पनि भृगु संहिता उत्तिकै महत्वपूर्ण छ । तथापी, यस संहितालाई आ-आफ्नो स्वार्थले व्याख्या वा विश्लेषण गरिँदा यस्ता महत्वपूर्ण हाम्रा प्राचीन ग्रन्थहरूप्रति जनविश्वास घट्दै गएको भने साँचो हो । भृगु संहित एक विज्ञान हो, जसमा लेखिएका कुरासम्मत मात्रै छैनन्, प्रमाणित पनि छन् । त्यसैले हामी आ-आफ्ना तर्फबाट पनि यस्ता प्राचीन ग्रन्थहरूलाई सही तरीकाले बुझ्ने, प्रयोग गर्ने र प्रचार प्रसारका साथै संरक्षण गर्नु हामी सबैको कर्तव्य हो ।

## सामाजिक सञ्जाल



**- गोविन्दकुमार थापा**

सुदनले प्रचण्डलाई जिसससँग तुलना गरेका छन्, उनलाई लागेको होला मलाई ठूलै मान्छे बनाइयो तर, के जिसस यस्तै आतंककारी आततायी थिए ? आम नरसंहारक थिए ? यसअर्थमा उनले प्रचण्डलाई समेत घानमा हालेर क्रिश्चियन धर्मको मान मर्दन र बदख्वाँई गरेका छन्, तसर्थ यसको बिरोध खाँटी क्रिश्चियनले पनि गर्न जरुरी छ ।



**- निर्मल प्रसाइँ**

यदि यो व्यवस्था उल्टियो भने सुदन किराँतीको योगदान ८० प्रतिशत रहनेछ, बाँकी सल्लाहकार र स्वकीय सचिवको एनसेल र सुन तस्करी प्रकरण हुनेछ । देशको अस्तित्व, आस्था, पहिचान, संस्कृति, रीतिरिवाज, परम्परा, भाइचारा अनि एकतामाथि हमला गरेर व्यवस्था जोगिने सम्भावना एक प्रतिशत पनि रहँदैन ।



**- गोकुल बाँस्कोटा**

साधारण, सरल, सोझा र हाकाहाकी मान्छेहरूको मन भाँच्चिए पछि शासकहरूको सिंहासनमा उनीहरूले पत्तो नपाउनेगरी पहिरो जान्छ । कृतिम शत्रु खडा गरेर जनतालाई झुक्याउँदै गर्दा वास्तविक शत्रु चिन्ने र त्योसँग लड्ने क्षमता पनि गुमिसकेको हुन्छ । सायद, त्यै हालतको निकट छ नेपाल ।



**- प्रताप नारायण**

सनातनी हिन्दु मन्दिर र हिन्दु धार्मिक संस्थाहरूमा गैरहिन्दुको मनोनयन वा नियुक्ति सबै अबिलम्ब खारेज गरेर हिन्दु धर्माबलम्बीहरूलाई मात्र नियुक्त गरियोस् । सबै हिन्दु धार्मिक संस्था वा मन्दिरहरूमा बहाल रहेका राजनीतिक वा प्रशासनिक नियुक्तिहरूबारे छानबिन गरेर तुरून्तै सच्याइयोस् !

## तपाईंको राशिफल

- मेष : जग्गा खरिद हुने योग छ । व्यापारिक प्रगति राम्रो हुनेछ ।
- वृष : विशेष कामले यात्रा हुनसक्छ । सबै कार्यमा सावधानी राख्नुपर्छ ।
- मिथुन : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ ।
- कर्कट : आहारमा ध्यान दिनुहोला । पेटसम्बन्धी समस्याको योग छ ।
- सिंह : विरोधी कमजोर हुनेछन् । मन ब्याकुल रहनेछ ।
- कन्या : पारिवारिक जीवन सुखी रहनेछ । उत्साहमा वृद्धि हुनेछ ।
- तुला : धर्मपालनामा रुचि देखिन्छ । चारैतिर प्रभाव बढ्नेछ ।
- वृश्चिक : स्वास्थ्य लाभको योग छ । कार्यमा प्रगति हुनेछ ।
- धनु : विदेश यात्राको योग छ । हतार गर्नु हुँदैन ।
- मकर : सबै कार्यमा प्रगति हुनेछ । वाणी संयम राख्नुहोला ।
- कुम्भ : धार्मिक कार्यमा समय खर्च हुनेछ । स्वास्थ्यमाथि ध्यान दिनुहोला ।
- मीन : सामान्यरूपले समय बित्नेछ । यात्राको योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# एकताको प्रतिक र राजसंस्था

विचार



● जनकराज पाठक

राजतन्त्र र राजसंस्था नितान्तः दुई फरक व्यवस्था हुन् । राजतन्त्रले शासन गर्छ भने राजसंस्थाले प्रजातन्त्रको परिधिभित्र एकताको प्रतिकको रूपमा उपस्थित जनाउँछ । जसले प्रजातन्त्रलाई थप बलियो बनाउन मद्दत गर्छ । बेलायत, स्पेन, नर्वे, स्वीडेन, जापानलगायतका देशहरूमा राजतन्त्र छैन, केवल एकताको प्रतिकको रूपमा राजसंस्था छ । नेपालमा पनि राजतन्त्र होइन, राजसंस्थाको आवश्यकता दिनप्रतिदिन बढदै गएको बहस छ । राजतन्त्र र राजसंस्थाको बिचको फरक यही हो । नेपाली जनताले चाहेको राजसंस्था हो, राजतन्त्र हैन ।

आजको नेपाल खडा गर्ने एकमात्र संस्था राजसंस्था हो । नेपालको राजसंस्थाले २००७ सालमा जहाँनिया राणा शाशनको विरुद्ध प्रजातन्त्र स्थापनार्थ राजगद्दीसमेत दाउमा लगाएको इतिहास ताजै छ । २०४६को राजनीतिक परिवर्तनको



समयमा नेपाललाई भुटान हुनबाट जोगाउने संस्था पनि राजसंस्था नै हो । अझ २०६२/६३ को आन्दोलनपछि शान्तिपूर्णरूपमा प्रजातन्त्रलाई सहयोग पुऱ्याउँदै बिना रक्तपात पत्रकार सम्मेलन गरेर आफ्नो राजगद्दी र श्रीपेज नासोको रूपमा

*गणतन्त्र उच्चतम् सिद्धान्त हुँदै होइन । उच्चतम् सिद्धान्त भनेको देशको ठोस आवश्यकताको परिवेशमा, त्यसले कत्तिको योगदान गरेको छ वा छैन त्योसँग जोडिन्छ । कुनै पनि सिद्धान्तले त्यो देशको जनताको आकांक्षालाई कुन हदसम्म स्वीकार गरेको छ ? मूल प्रश्न त्यो हो ।*

छोडेर शान्तिपूर्ण रूपमा देशभित्र नै जिवनयापन गर्नेगरी अघि बढेको संस्था पनि राजसंस्था नै हो । यो सत्य र यथार्थतालाई अब बुझ्न ढिला गर्नु हुँदैन । संसारमा आजका धेरै सम्पन्न देशहरूमा राजसंस्था हटेर फेरि फर्केका उदाहरण छन् । त्यस्तो किन हुन्छ भने त्यो देशको ठोस आवश्यकताको परिवेश के हो ? त्यसमा भरपर्छ । नेपालको भौगोलिक अवस्था र नेपालमा राष्ट्रिय एकताको लागि साझा संस्थाको रूपमा आज देशभरी राजसंस्थाको पक्षमा आवाज उठिरहेको छ । सार्वभौम जनताको यो माग, अब माग मात्र रहँदैन, यसलाई सम्बोधन नगरे आन्दोलनको ज्वारभाटा उठ्नेछ र यो ज्वारभाटाले यो व्यवस्थाको अन्त्य हुने निश्चित छ ।

गणतन्त्र उच्चतम् सिद्धान्त हुँदै होइन । उच्चतम सिद्धान्त भनेको देशको ठोस आवश्यकताको परिवेशमा त्यसले कत्तिको योगदान गरेको छ वा छैन त्योसँग जोडिन्छ । कुनै पनि सिद्धान्तले त्यो देशको जनताको आकांक्षालाई कुन हदसम्म स्वीकारेको छ ? मुल प्रश्न त्यो हो ।

नेपाली जनताको नासो श्रीपेच र राजदण्ड नेपाल सरकारलाई सुम्पिएर गएको अभिभावकीय संस्थाको मुलुकमा आज आवश्यकता देखियो । समयले कसैलाई पर्खँदैन, समय छँदैमा सर्वपक्षीय गोलमेच सम्मेलन गरेर राजसंस्थालाई स्थान नदिने हो भने मुलुक भिडन्तमा जाने निश्चित छ । राजसंस्थासहितको प्रजातान्त्रिक धारको नेतृत्व गर्दै अब राप्रपाले आन्दोलन गर्नेछ । राजसंस्था स्थापनार्थ हुने यो आन्दोलन सायद अन्तिम नै हुनेछ । कौरबहरूले टेक्ने जमिन नदिँदा पान्डवहरूले लड्नु परेको लडाइँ र क्षत, विक्षत भएको हस्तिनापुरको इतिहासलाई स्मरण गर्दै समयमै विषयलाई गम्भीरतापूर्वक लिँदै त्यो अभिभावकीय संस्थालाई स्थान दिइयोस् । यसले मुलुकमा राजनीतिक स्थिरता दिन्छ ।

*(पाठक, राप्रपाका केन्द्रीय सदस्य हुन् ।)*

# भारतबाट उद्धार गरिएका ८ बालकलाई परिवारको जिम्मा लगाइयो

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ७ पुस

लामो समयदेखि भारतको मुम्बईस्थित बालगृहमा रहेका ८ जना बालकलाई उद्धार गरी परिवारको जिम्मा लगाइएको छ । रौतहटको दुर्गाभगवती, इशानाथ, राजपुरलगायत स्थानका ती बालकहरुलाई शनिबार जिल्ला प्रहरी कार्यालय गौरमा अभिभावकको जिम्मा लगाइएको हो । ती बालकहरुलाई विगत करिब ४ महिनादेखि भारतको मुम्बई मटुन्गामा रहेको बालगृहमा राखिएको थियो । उद्धार गरिएका बालकहरु १३ देखि १६ वर्ष उमेर समूहका छन् ।



विभिन्न बहानामा भारतको मुम्बई पुगेका ती बालकहरु ब्याग कारखानामा काम गर्थे । मुम्बई प्रहरीले ब्याग कारखानामा छापा मारी ती बालकहरुको उद्धार गरेको थियो । उद्धारपछि ती बालकहरुलाई मुम्बईको मटुङ्गमा रहेको बाल गृहमा राखिएको थियो । १८ वर्ष उमेर नपुगेका बालबालिकालाई काममा लगाउनु गैरकानूनी रहेकाले प्रहरीले विभिन्न कारखानाहरुमा छापा मारेर बालबालिकाहरुको उद्धार गर्दै आएको छ ।

नेपालका बालकहरु बाल गृहमा फसेको सूचना पाएपछि बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरुको संयुक्त प्रयासमा ती बालकहरुलाई परिवारको जिम्मा लगाइएको हो । ग्रामिण विकास केन्द्र नेपाल गौर, सामुदायिक विकास तथा सचेतना नेपाल मकवानपुर, राष्ट्रिय बाल अधिकार परिषद र जिल्लास्थित सरकारी निकायहरुको समन्वयमा बालकहरुको उद्धार गरिएको हो ।

उद्धारको क्रममा मुम्बई पुगेकी ग्रामिण विकास केन्द्र नेपाल रौतहटकी कोषाध्यक्ष ममता झाले बालकहरुलाई परिवारको जिम्मा लगाउन पाउँदा निकै खुसी लागेको बताइन् । उनले अझै पनि कयौं नेपाली बालकहरु भारतको विभिन्न बालगृहमा रहेकाले पारिवारिक पुनर्मिलनका लागि सबैको प्रयास आवश्यक देखिएको बताइन् ।

आफ्नो छोरा फिर्ता पाउँदा हर्षित भएका दुर्गाभागावती गाउँपालिका वडा नं ३ मत्सरिका प्रमोद राउतले अब छोरालाई विद्यालयमा भर्ना गर्ने बताए ।

# बाघको आक्रमणबाट बर्दियामा बालकको मृत्यु

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ७ पुस

पाटे बाघको आक्रमणबाट बर्दियामा एक बालकको मृत्यु भएको छ । बारबर्दिया नगरपालिका-४ का १२ वर्षीय सुमित थारुको शनिबार दिउँसो पाटे बाघको आक्रमणबाट मृत्यु भएको हो ।



बाघको आक्रमणबाट गम्भीर घाइते भएका थारुको आरसी मेमोरियल अस्पताल जयनगरमा उपचारका क्रममा शनिबार दिउँसो मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

थारु बबई नदीमा नुहाउन गएका थिए । सोहीबेला थारुमाथि बारबर्दिया नगरपालिका वडा नम्बर ४ अन्तर्गतको जिरा सामुदायिक वनमा बाघले आक्रमण गरेको डिभिजन वन कार्यालय बर्दियाका प्रमुख प्रविण बिडारीले मध्यान्हलाई जानकारी दिए ।

# दुई मध्यान्हकर्मीसहित मधेश प्रदेशका सात पत्रकार बिहारमा सम्मानित

बिहार, भारत/मस-मध्यान्ह दैनिकमा क्रियाशील दुई पत्रकारसहित मधेश प्रदेशका सात पत्रकार भारतको बिहार, मधेपुरामा सम्मानित भएका छन् । उनीहरुलाई डा. देवासिस बोस अवार्डसहित सम्मान गरिएको हो । पत्रकारिता क्षेत्रमा योगदान पुर्‍याएको भन्दै भारतीय पत्रकार संघले केही भारतीय पत्रकारलगायत मधेश प्रदेशका सात नेपाली पत्रकारलाई पुरस्कृत गरेको हो ।

पूर्वमन्त्री जाकिर हुसैन, पूर्व सांसद पप्पु यादव र भारतीय पत्रकार संघका अध्यक्ष सेराज अहमद कुरैशीको हातबाट डा. दिवासिस बोस अवार्डद्वारा पुरस्कृत हुने नेपाली पत्रकार हरूमा मध्यान्ह दैनिकका इस्तियाक अहमद र सत्येन्द्रप्रताप सिंहका साथै स्नेहसिला मिडिया सिरहाकी प्रेमशिला यादव, न्युज डेलीका सञ्चालक रघुनाथ गुप्ता, मधेश भूमिका रौतहट संवाददाता रुपेश यादव, रेडियो अकास गंगाका सरताज आलम र आरोही टिभीकी संवाददाता अनुष्का शर्मा रहेका छन् ।





भारतीय पत्रकार संघको बिहारस्तरीय संगोष्ठी तथा द रिपब्लिकन टाइम्सको छैटौं स्थापना दिवसको अवसरमा पत्रकार हरूलाई पुरस्कृत गरिएको हो । कार्यक्रममा स्व. वरिष्ठ पत्रकार डा.देवासिस बोसको जीवन चरित्र र योगदानहरुको बारेमा चर्चा भएको थियो ।

बिहारको मधेपुरा शहरको कला भवनमा भारतीय पत्रकार संघ मधेपुरा जिल्ला अध्यक्ष मो. रजीउर रहमानको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**गाइघाट, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

### मालसामान खरीद कार्यको बोलपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०९/०८**

१. यस कार्यालयको लागि आ.ब.२०८०/०८१ मा निम्न अनुसारका मालसामानहरु खरीद कार्य बोलपत्रको माध्यमबाट गरिन हुँदा इच्छुक योग्य बोलपत्र दातालाई यसै सूचनाद्धारा आव्हान गरिएको छ ।

| बोलपत्र नं. | कामको विवरण | कुल लागत रकम रु. भ्याट बाहेक | बोलपत्र दस्तुर रु. | बैंक जमानत रु. |
|---|---|---|---|---|
| TM–UDA–NCB–GOODS–17/2080– 081 | Supply of Stationary Items & Sanitary Items. | 38,91,150.00 | 3,000.00 | 1,16,000.00 |

२. बोलपत्र २०८०/१०/०९ गते १२:०० बजेभित्र दाखिला गर्न सकिने छ ।
३. बोलपत्र दस्तुर रा. ब. बैंक गाईघाट शाखामा रहेको हि.न. 2090100301010004 र धरौटी रकम रा. ब. बैंक हि.नं. 2090100303000004 मा दाखिला गर्न सकिने छ ।
४. बोलपत्र मिति २०८०/१०/०९ गते १३:०० बजे खोलीने छ ।
५. बोलपत्र आव्हानको सूचना यस कार्यालयको बेब साइट www.bolpatra.gov.np र नगरपालिका कार्यालयको सूचना पाटीमा हेर्न सकिने छ ।
६. बोलपत्र E–Bidding का लागि www.bolpatra.gov.np मा राखिएको छ ।
७. कार्यालयको आवश्यकता अनुसार मालसामानको माग गरिनेछ । बोलपत्रमा उल्लेख भएको कुल परिमाण भन्दा कम परिमाणमा मात्र पनि सामान माग गरिन सकिने छ ।
८. स्वीकृत बोलपत्रदाताले आगामी आ.ब. ०८१/०८२ को लागि बोलपत्र सम्बन्धी काम भै रहेको अवस्थामा कार्यालयलाई अत्यावश्यक सामानहरु आ. ब. ०८०/०८१ को स्वीकृत दररेट अनुसार उपलब्ध गराउनु पर्ने छ ।
९. बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको मितिले सात दिनभित्र कार्यालयले माग गरेको सामान मात्र उपलब्ध गराउनु पर्ने छ ।
१०. बोलपत्र सम्बन्ध अन्य थप कुरा बुझ्न परेमा यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## सप्तकोशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**फत्तेपुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

### औषधी आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०८ गते)**

यस सप्तकोशी नगरपालिकाको लागि आवश्यक औषधी सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्त, फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही चालु आ.ब. २०८०/०८१ को लागि रितपूर्वकको सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ । तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले सार्वजिनक खरिद अनगुगमन कार्यालय (PPMO) को वेवसाइट https://bolpatra.gov.np/egp/ मा गई बिद्युतीय खरिद प्रणालीबाट बोलपत्र प्रस्ताव दर्ता/गर्न हुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि यस सप्तकोशी नगरपालिकाको सूचना पाटी, वेवसाइट www.saptakoshimun.gov.np तथा कार्यालय समय भित्र यस कार्यालयको जिन्सी/स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिनेछ ।

१. बिद्युतिय खरिद प्रणालीबाट बिद्युतिय बोलपत्र प्रस्ताव https://bolpatra.gov.np/egp/ मा गई यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको १२:०० बजे सम्म Electronically bid खरिद गर्न सकिनेछ र रितपुर्वक खरिद गरिएको दरभाउ पत्र १५ औं दिन दिनको १२:०० बजे भित्र दर्ता गरि सक्नु पर्नेछ र सोहि दिन अपरान्ह दिनको २:०० बजे सप्तकोशी नगरपालिकाको कार्यालयमा खोलिनेछ । यस कार्यालयबाट (Hard Copy) बिकि गरिनेछैन ।
२. दरभाउपत्र खरिद दस्तुर बापतको रकम यस कार्यालयको नेपाल बैंक लि. फत्तेपुर शाखा कार्यालय, सप्तरीमा रहेको आन्तरिक राजश्व खाता नं. ११३०३००००१००१००००१ मा दाखिला गरेको बैंक भौचर पेश गर्नु पर्नेछ ।
३. दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
५. सिलवन्दी दरभाउपत्र साथ रु. १,००,०००/- (अक्षरेपि एक लाख रुपैया मात्र) बराबरको रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि. फत्तेपुर शाखा, सप्तरीमा यस कार्यालयको धरौटी खाता नं. ११३०३०००००३००००००००१ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त क वर्ग बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचिलत कानुनले तोकेको मान्य अवधि (दरभाउ पत्र खोल्ने मिति देखि ७५ दिन) भएको जमानी पत्र (बिडबन्ड) पेश गर्नुपर्नेछ ।
६. औषधी खरिद गर्दा WHO GMP Certified Company र नेपाल सरकारबाट मान्यता प्राप्त उत्पादित औषधीहरु मात्र खरिद गरिनेछ ।
७. खरिद हुने औषधीहरुको म्याद सम्बन्धमा उक्त औषधीको म्याद यस कार्यालयमा बुझाउदाको मितिबाट किम्तिमा १८ महिना बाकी हुनु पर्नेछ । सो भन्दा घटी म्याद भएका औषधीहरु स्वीकार गरिने छैन ।
८. सारभुत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये सबै भन्दा घटी रकम कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।
९. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधीको परिमाणमा थपघट गर्ने सकिने छ ।
१०. अन्य कुराहरुको हकमा प्रचिलत कानुन बमोजिम हुनेछ र थप जानकारीको लागि यस सप्तकोशी नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
११. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजिनक खरिद ऐन, २०६३ तथा सार्वजनिक नियमावली, २०६४ तथा प्रचिलत नेपाल कानुन अनुसार हुनेछ

**तपसिलः-**

| सि.नं. | ठेप्तका नं. | बिवरण | लागत अनुमान (मू.अ.कर सिहत) रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SM/Medicine/ 080/81–1 | Supply and Delivery of Medicine | ३६६४९७२.५८/- | १,०००/- | १,००,०००/- | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Bangad Kupinde Municipality
## Office of Municipal Executive
**Devasthal, Salyan**
**Karnali Province, Nepal**

### Invitation for Bids

**First Date of Publication : 2080/09/08 (24th Dec. 2023)**

1. Bangad Kupinde Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Following Projects.

| S N | Contract Identification no | Description of Works | Cost of Bidding Documents Nrs | Estimated cost (Excluding VAT and PS) | Amount Of Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | BAKUNAPA/ NCB/WORKS -17-2080/81 | Construction Dhorpipal Tatke Rajaikhola Thapachaur Puchhala Road. | 3000 | 93,57,074.94 | 2,75,000 | Electronic bids only |

2. Eligible Bidders may obtain further information at the office of Bangad Kupinde Municipality Devsthal, Salyan 088-411060 may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible Bidders download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp. Bidders submitting their bid electronically should deposit non-refundable fee of bidding document in the Projects Rajaswo (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher, Company/firm registration certificate, tax clearance Certificate Fy (2079/080) and VAT/PAN Registration shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in bank.

| | |
|---|---|
| **Name of the Bank** | Laxmi Sunrise Bank Limited, Sallibazar Branch |
| **Name of Office** | Bangad Kupinde Municipality |
| **Office Account no (Rajaswa)** | 06903000017 |
| **Office Account no (Dharauti)** | 06903000169 |

4. Electronic bids must be submitted to Bangad Kupinde Municipality Devasthal, salyan office through PPMO website www.bolpatra.gov.np/egp on before 2080/10/09 at 12:00 Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 2080/10/09 at 13:00 the office of Bangad Kupinde Municipality Office Devsthal, Salyan. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in (.pdf) format, which shall be valid for 30 days beyond the validity period of the bid 2081/02/16.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Municipality reserves the right to accept or reject wholly or partially, any or all the bids without assigning.
8. Other rules should be as per public procurement Act 2063, Public procurement Regulation 2064.

**Chief Administrative Officer**

# पर्यटकीय क्षेत्र संरक्षणमा जुट्दै नेपाली सेना

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ७ पुस



डडेल्धुराको पर्यटकीय क्षेत्र आलितालमा त्रिदिवसीय सरसफाई कार्यक्रम शनिबारबाट शुरु भएको छ । सात पालिका रहेको डडेल्धुराको पर्यटकीय क्षेत्रको रुपमा रहेको आलितललाई सुन्दर बनाउनु नेपाली सेनाले चासो दिएको हो । जिल्लाको आलिताल गाउँपालिका वडा नम्बर ३ मा रहेको पर्यटकीय क्षेत्र आलितालमा सरसफाई कार्यक्रम शुरु गरिएको छ । आलिताल गाउँपालिका र रणबम गण डडेल्धुराको संयुक्त आयोजनामा कार्यक्रम शुरु भएको हो । आलिताल गाउँपालिकाका अध्यक्ष शेर सिंह पार्कीको अध्यक्षतामा शुरु भएको त्रिदिवसीय ताल सरसफाई कार्यक्रममा परशुराम नगरपालिकाका मेयर भरत जोशी, नवदुर्गा गाउँपालिका अध्यक्ष लक्ष्मीप्रसाद अवस्थी, अमरगढी नगरपालिकाका उपमेयर पार्वती भुकाल, गन्यापधुरा गाउँपालिकाका उपाध्यक्ष ज्ञानु सेठी देउवा लगायतका विभिन्न पालिकाका जनप्रतिनिधिको सहभागिता रहेको थियो । यस्तै डडेल्धुराका सहायक प्रमुख जिल्ला अधिकारी करुणाकर अवस्थी, जिल्लास्थित सुरक्षा निकायका प्रमुख र विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधि, सुरक्षाकर्मी र सर्वसाधारणको पनि सहभागिता रहेको थियो ।

रणबम गणका गणपति प्रविन थापाका अनुसार 'हाम्रो आलिताल हाम्रो सान, पर्यटकीय विकासका लागि सामूहिक अभियान' भन्ने मूल नारासहित पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसार तथा दिगो व्यवस्थापनको मुख्य उद्देश्यले तीन दिने ताल सरसफाई कार्यक्रम आयोजना गरिएको हो । ९ गतेसम्म सञ्चालन हुने सरसफाई कार्यक्रममा सहभागी भइदिन सम्पूर्ण जिल्लाबासीलाई आग्रह गरिएको उनले बताए ।

समुद्री सतहबाट करिब ८ सय मिटर उचाइमा महाभारत पर्वत शृंखलाको फेदमा रहेको आलितालाई अझैं व्यवस्थित गर्न सके पर्यटकहरूको संख्या बढाउन सकिने देखिन्छ । एक हजार १७५ मिटर लम्बाइ तथा करिब ४ सय मिटर चौडाइ रहेको सुन्दर यस ताललाई चुरेका डाँडाले घेरेको छ ।

# विगुका अध्यक्ष र उपाध्यक्षसहितको टोली 'छोपा बामरे' हिमाल आरोहणका लागि प्रस्थान

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, ७ पुस




'भर्जिन' हिमालका रुपमा रहेको दोलखाको 'छोपा बामरे' हिमालको प्रचार प्रसारका लागि विगु गाउँपालिकाका अध्यक्ष सञ्जिव ओली तथा उपाध्यक्ष देवीका थामीसहितको टोली आरोहणका लागि त्यसतर्फ प्रस्थान गरेको छ । दोलखालाई पर्यटकीय जिल्लाको रुपमा परिचित गराउने उद्देश्यले आरोहण अनुमतिपछि शनिबार पालिका अध्यक्ष तथा उपाध्यक्षसहित ७ सदस्यीय टोली हिमाल आरोहणका लागि प्रस्थान गरेको हो ।

विगु गाउँपालिका-१ स्थित लामाबगरको उत्तरपश्चिममा अवस्थित ६ हजार १ सय ९ मिटर उचाईको यस हिमाल तिब्बत, चीन र नेपालको सिमानामा पर्छ । यस हिमाललाई सरकारले आरोहणको लागि हालैमात्र खुला गरेको थियो । हिमाल आरोहणका लागि सैद्धान्तिक, प्रयोगात्मक अध्ययन तथा अग्ला हिमाल आरोहणका लागि छोटो अवधिको तालिम र अभ्यास गरेर आरोहण शुरु गरिएको गाउँपालिका अध्यक्ष सञ्जिव ओलीले मध्यान्हलाई जानकारी दिए । दोलखामा स्थापित पर्यटन उद्योगलाई थप चलायमान बनाउनका लागि पनि तयारीस्वरुप यो आरोहण कार्यक्रम तय भएको उनले बताए ।

सगरमाथा आरोही लिला बहादुर बस्नेतको नेतृत्वमा रहेको आरोहण दलमा गाउँपालिका अध्यक्ष ओली, उपाध्यक्ष थामी, प्रमुख प्रशासकीय अधिकृत जीत बहादुर श्रेष्ठ, मेम बहादुर तामाङ, निमा ग्याल्जेन शेर्पा, फुर्वा थिले शेर्पा, भविन्द्र खड्का, लाक्पागेली शेर्पालगायत रहेका छन् । मौसम अनुकूल भएको खण्डमा दुई सातामा आरोहण सकेर आधार शिविर फर्कने टोलीको तयारी छ ।


## तामाकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल

### बोलपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०९/०८**

यस कार्यालयको तपसिल बमोजिमको बिधुतय खरिद गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले चालू आ.व २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत रीतपूर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयका Website centralize EGP portal www.bolpatra.gov.np मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१) बोलपत्र सम्बन्धी अन्य शर्तहरू र विस्तृत सूचना www.tamakoshimun.gov.np मा हेर्न सकिने छ ।
२) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

**तपसिल**

| क्र.स | ठेक्का नं. | कार्यको विवरण | बोलपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | 15/TRM/NCB/Goods/ Medicine/2080-081 | Buying and Supplying of Medicine and Surgical Materials | 3000/- | 1,70,000 | मु.अ.कर बाहेक |

**प्रमुख प्रशासकिय अधिकृत**


# वीरगञ्ज कपडा बैंकद्वारा निःशुल्क कपडा वितरण

**अजयकुमार साह/मध्यान्ह**
वीरगञ्ज, ७ पुस



वीरगञ्ज कपडा बैंकले वीरगञ्जको घण्टाघरमा निःशुल्क कपडा वितरण गरेको छ । प्रत्येक दिन आइतबारदेखि शुक्रकबारसम्म आफ्नो कार्यालय वीरगञ्ज-८ बाट गरिब असहायलाई निशुल्क कपडा उपलब्ध गराउँदै आएको बैंकले शनिबार वीरगञ्जको घण्टाघरमा ९ सय थान कपडा वितरण गरेहो हो ।

कपडा बैंकका कोषाध्यक्ष मनोज मिश्राका अनुसार नेपाली कांग्रेसका नेता एवम् समाजसेवी राकेश सिंहले ४ बोरा, हुकुम सिंह राजपुतले १ बोरा र अन्य दाताले १ बोरा कपडा सहयोग गरेका थिए ।

वीरगञ्ज कपडा बैंकका अध्यक्ष लालबाबु सिंहको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रमुख अतिथी संस्थाका संरक्षक वरिष्ठ समाजसेवी अधिवक्ता सुरेन्द्र प्रसाद कुर्मी, अतिथिहरु नेपाली कांग्रेसका नेता राकेश सिंह, हुकुम सिंह राजपुत, संस्थाका संस्थापक सदस्य एवम् प्रकृति सेवा प्रतिष्ठान नेपालका अध्यक्ष जसपाल सिंह, समाजसेवी गौरी गुप्ता, नेपाल रेडक्रस सोसाइटी रेसमकोठीका सदस्य श्रवण रायमाझी, संस्थाका निवर्तमान अध्यक्ष रम्भा मिश्रा, उपाध्यक्षद्वय प्रकाश थारु, मोनिका सिंह, सदस्यहरु हरेंद्र पटेल, सञ्जय मण्डल, शोभा देवी, पत्रकारहरु क्रान्ती साह, राज सराफ, घण्टाघर प्रहरी पोष्टका प्रमुख असइ कृष्णनन्दन ठाकुर, रामबाबु सिंह, सञ्जु साह, दीपक पटेललगायतको सहभागिता रहेको बैंकका सचिव कन्हैया पटेलले बताए ।

सो अवसरमा प्रमुख अतिथि अधिवक्ता कुर्मीले असहायको सेवा गर्ने उद्देश्य बोकेर 'जोसँग धेरै कपडा छ दिएर जानुस् र नहुनेले निःशुल्क लिएर जानुस्'को मूल मन्त्रलाई आत्मसात गरेर विगत ५ वर्षदेखि निःशुल्क कपडा वितरण गर्दै आइरहेको बताए । उनले वीरगञ्ज कपडा बैंकको काममा सहयोग गर्ने सम्पूर्णप्रति आभार प्रकट गरे ।

# राष्ट्रिय सडक सञ्जालमा जोडियो सर्केगाड गाउँपालिका

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ७ पुस



हुम्लाको सरिसल्ला बेलिब्रिज उद्घाटन गरिएको छ । कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले रिबन काट्दै बेलिब्रिजको शुक्रबार उद्घाटन गरेका हुन् ।

पुल उद्घाटनका लागि प्रदेश राजधानी सुर्खेतबाट मन्त्रीसहितको टोली हेलिकप्टरमार्फत सरिसल्ला पुगेको थियो ।

मन्त्रीसँगै उद्घाटन कार्यक्रममा नेकपा माओवादी केन्द्रका नेता तथा संघीय सांसद छिरिङ डम्डुल लामा कार्चेन, कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री जीवन बहादुर शाही, प्रदेश मुख्यसचिव सर्केगाड गाउँपालिकाका अध्यक्ष ठान बहादुर रोकाया, चंखेली गाउँपालिका उपाध्यक्ष प्रेमकला शाही, ताँजाकोट गाउँपालिकाका उपाध्यक्ष सुरेन्द्र थापा, सडक विभागका कर्मचारी र हिल्सा सिमकोट सडक आयोजनाका प्रमुख लगायतको उपस्थिति रहेको थियो । उद्घाटन पश्चात टोली बाजुराको कोल्टीमा रहेको हिल्सा सिमकोट सडकखण्ड अन्तर्गतको खुलालु सलिसल्ला सडक आयोजनाको केन्द्रीय कार्यालय उद्घाटनका लागि पुगेको थियो ।

त्यस्तै हेलिकप्टरबाटै समग्र रुपमा कर्णाली करिडोरको निरीक्षण समेत गरिएको छ ।

यसअघि नै सरिसल्लामा बेलिब्रिज तयार भइसकेको थियो भने गाडी पनि चल्न थालिसकेका थिए । शनिबारदेखि सर्केगाड गाउँपालिका औपचारिक रुपमा राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ । सो बेलिब्रिज सर्केगाड र चंखेली गाउँपालिकाको सिमानामा रहेको कर्णाली माथि रहेको छ । बेलिब्रिजको काम सम्पन्न भएसँगै दुई पालिका यातायातमा जोडिएका हुन् । उक्त पुलको लम्बाई ४८ मिटर रहेको छ । सर्केगाडसम्मै गाडी पुग्दा स्थानीय नागरिक पैदलमार्गबाट मोटरमार्गमा जोडिएका छन् । यसले आउजाउ र व्यापार, व्यवसायलाई बढाउँदै गएको छ । पुल निर्माण सम्पन्न भइ उद्घाटनपछि स्थानीयको जनजीवनमा सहज हुने अपेक्षा समेत गरिएको छ ।

# उतिसको काठसहित दुई जना पक्राउ

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ७ पुस




उदयपुरमा अवैध रुपमा ल्याइएको उतिस जातको गोलिया काठसहित दुई जना पक्राउ परेका छन् । चौदण्डीगढी नगरपालिका अन्तर्गतको ईलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरी टोलीले शुक्रबार सोही नगरको वडा नम्बर ७ कल्याणचोकबाट अवैध रूपमा ल्याइएको उतिस जातको ५ सय ६० किवी गोलिया काठ, प्र.१-०२-००२ ख ००६२ नम्बरको ट्रक र चालकसहित दुई जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

पक्राउ पर्नेहरूमा बेलबारी नगरपालिका-४ मोरङ बस्ने चालक वर्ष २७ का सोम बहादुर भुजेल र लालिगुँरास नगरपालिका -३ तेह्रथुम बस्ने वर्ष १९ का केदार बानिया रहेका छन् । उनीहरुलाई कारबाहीको लागि डिभिजन वन कार्यालयउदयपुर बुझाइएको प्रहरीले जनाएको छ ।


## UAE मा बैदेशिक रोजगारको अवसर

कम्पनी : THE VALET L.L.C. शहर: Dubai, UAE पूनः विज्ञापन
पूर्व स्वीकृती मिति : २०८०/०३/२९ चलानी नं. ६०२०४५९९ LT No. 289253

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Valet Driver | 100 | साधारण अंग्रेजी बोल्न सक्ने | 1400 | ५०,१७५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | ४ वर्ष |
| २. | Parking Attendant | 5 | | 1100 | ३९,४२० | | | | | | | |

